Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- ४२, २०८३ साल जेठ १२ गते मंगलबार (May 28, 2026) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**

**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# गणतन्त्र कस्का लागी ?



■ **मोहन कार्की ।**

काठमाडौं- नेपाललमा गणतन्त्र स्थापना भएको यहि जेठ १५ गते १९ वर्ष लाग्दै छ ।

२०६५ साल जेठ १५ गते त्यतिवेलाको प्रतिनिधिसभा हलमा गणतन्त्र घोषणा गरिएको थियो । त्यो दिन जानेर या नजानेर नेपाली जनताले उल्लास मनाएका थिए । तर गणतन्त्र स्थापना पछि पनि नेपाली युवाहरुले विदेशमा गएर नकमाएसम्म आफ्नो चुलो नबल्ने अवस्था आज पनि कायमै छ ।

यहि अवस्थामा नेपाल सरकार मातहतको गृह मन्त्रालयले सवै जिल्लाका जिल्ला प्रशासन कार्यालयहरुलाइ पत्रचार गरेर गणतन्त्र दिवश मनाउन भनेको छ । त्यसै अनुरुप ७७ जिल्लामा गणतन्त्र मुल समारोह समिति जिल्ला समन्वय समितिको आयोजनामा बनाईएको छ । दशैभरीमा स्थानीय तह सरकार मातहतका सवै कार्यालयले कार्यक्रम तय गरिसकेका छन् । यसरी देशव्यापी रुपमा कार्यक्रमको आयोजना भएको देख्दा देशले काचुली फेरेको जस्तो नेपाली नागरिकले महसुस गर्न सक्नुपर्‍थ्यो ।

नागरिकहरुमा भने गणतन्त्र दिवश कागलाइ बेल पाक्यो हर्ष र विस्मात भने जसरी बसेको देखिन्छ । गणतन्त्र स्थापना पछि देशका ऐन नियमहरु जनताको पक्षमा हुनेगरी परिमार्जन हुन्छन होला, नेपालमा नै राष्ट्रियस्तरका उद्योग कलकारखानाहरु खुल्छन् होला, विगतमा वन्द भएका उद्योग कलकारखानाहरु सञ्चालन भई नेपाली युवाहरुले नेपालमा नै रोजगार पाउछन होला नेपालमा नै बसेर केही उद्यम गर्न चाहाने नेपाली युवाहरुलाई सरकारले कार्यक्रम ल्याउछ होला । मानव हितका लागि कार्यक्रमहरु आउछन् होला यस्ता अनगिन्ती आसाहरु नेपाली नागरिकले गणतन्त्र स्थापना गर्नुभन्दा अगाडी राजनीतिक पार्टीले जनतालाई बाडेका थिए ।

त्यो नेपाली नागरिकहरुलाई बाडेको सपना कुनैपनि पुरा हुन सकेको छैन । आजपनि युवाहरु विदेश गईरहेका छन् । उद्योग कलकारखाना स्थापना हुन सकेका छैनन् । विकास निर्माणका काम कछुवा गतिमा छन् । पुराना उद्योग कुनैपनि सञ्चालनमा ल्याउन सकेनन् । सार्वजनिक खरिद ऐन परिमार्जन गर्न सकेनन् । वन एन परिमार्जन गर्न सकेनन् ।

गणतन्त्र स्थापना पछि स्थापना भएको तीन तहको सरकारमा राजनीतिक पार्टीहरुले जाहा जाहा जुन पार्टीले जित्यो सरकार बनायो त्यही पार्टीका कार्यकर्ता भर्ती केन्द्र बनाएर सर्वसाधरण नागरिकले सुविधावाट बञ्चित हुनुपर्ने अन्याय सहनुपर्ने जस्ता विकृतिहरु समाजमा झागिन पुग्यो । त्यसकारण २०८३ सालको गणतन्त्र दिवश मनाउने तयारी » बाकी ६ पृष्ठमा

## सर्वोच्चले भन्यो– प्रधानन्यायाधीश विरुद्धको रिट औचित्यहीन भइसक्यो



काठमाडौं- सर्वोच्च अदालतले डा. मनोजकुमार शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गर्ने संवैधानिक परिषद्को निर्णयविरुद्ध परेको रिट निवेदन औचित्यहीन भनी टिप्पणी गरेको छ ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता डा. प्रेमराज सिलवालले छुट्टाछुट्टै पेश गरेको रिट निवेदन सर्वोच्च अदालत प्रशासनले दरपीठ गरिदिएको थियो ।

दरपीठविरुद्ध परेको निवेदनको सुनुवाइपछि न्यायाधीश मेघराज पोखरेलको इजलासले अदालत प्रशासनले गरेको दरपीठलाई स्वाभाविक भनेको हो ।

सवैधानिक परिषद्बाट सिफारिस भएका प्रस्तावित प्रधानन्यायाधीश डा. शर्माले » बाकी ६ पृष्ठमा

## पूर्वाधार विकासमा राजनीति गर्ने प्रवृत्ति अन्त्य हुनुपर्छ : सभामुख अर्याल

काठमाडौं । सभामुख डोल प्रसाद (डीपी) अर्याललले विगतका सरकारहरूले काम नगरेकोले अझै आधारभूत आवश्यकताबारे बहस गर्नंपर्ने अवस्था रहेको बताएका छन् ।

नागार्जंन नगरपालिकाद्वारा आयोजित वार्षिक नीति तथा कार्यक्रमसम्बन्धी छलफल कार्यक्रममा सहभागी भएका सभामुख अर्याललले यस्तो बताएका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख अर्याललले पूर्वाधार विकास, विशेषगरी सडक र खानेपानीजस्ता आधारभूत विषयमा राजनीति गर्ने प्रवृत्तिको अन्त्य हुनुपर्ने बताए। विगतका सरकारहरूले » बाकी ६ पृष्ठमा

# २६ देशका १७६ सगरमाथा आरोही काठमाडौं आउँदै



काठमाडौं- दोस्रो संस्करणको ‘ एभरेस्ट समिटर्स समिट-२०२६’ मा सहभागी हुन २६ देशका १७६ सगरमाथा आरोही काठमाडौंमा आउने भएका छन् ।

एभरेस्ट अलायन्स नेपालको आयोजना तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सहकार्यमा दोस्रो एभरेस्ट समिटर्स समिट जेठ २७ गते काठमाडौंमा आयोजना हुँदैछ ।

जसमा यसवर्ष विश्वका २६ देशका १७६ सगरमाथा आरोहीलाई विशेष पदक र प्रमाणपत्रसहित सम्मान गरिने एभरेस्ट अलायन्स नेपालका अध्यक्ष सुदर्शन नेपालले बताए ।

‘हामीले गतवर्षदेखि सगरमाथा आरोहीलाई सम्मान गर्ने उद्देश्यले यो कार्यक्रम सुरुआत गरेका थियौं’, उनले भने, ‘पहिलो संस्करण भव्य रूपमा सम्पन्न हुनुले नै यसको महत्व र दायरा प्रष्ट पारेको छ ।’ समिट नेपालको मात्र नभई विश्वव्यापी मञ्च बनिसकेको उनले दाबी गरे ।

‘यसपटक नेपाल सरकारको प्रत्यक्ष सहकार्य र समन्वय रहेकाले हामी थप उत्साहित भएका छौं,’ उनले भने । हिमालयको भविष्यका लागि एकजुट आवाज भर्ने र विश्वको सर्वोच्च शिखर » बाकी ६ पृष्ठमा

## गरिबलाई गरिखाने वातावरण दिने बजेट आउँछ : इन्द्रबहादुर बानियाँ



काठमाडौं- बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले नीति तथा कार्यक्रम र बजेट ल्याउँदा गरिबलाई गरिखाने वातावरण बनाउने बताएका छन् ।

सोमबारबाट सुरु भएको बागमती प्रदेशसभाको वर्षे अधिवेशनलाई सम्बोधन गर्दै मुख्यमन्त्री बानियाँले गरिबकै लागि गणतन्त्र आएकाले सबैलाई गरिखाने वातावरण बनाइने बताए ।


मुख्यमन्त्री बानियाँले बजेट कुनै एक दलको नभई सबै राजनीति दलको साझा नीति, कार्यक्रम र बजेट आउने पनि बताए ।

शिक्षा, स्वास्थ्य, सडक पूर्वाधार, खानेपानीसम्बन्धी गौरवका आयोजनालाई आगामी वर्षमा प्राथमिकता » बाकी ६ पृष्ठमा

## बन्द ताप्लेजुङको व्यापार नाका सञ्चालनमा

फुङ्लिङ (ताप्लेजुङ) । कर्मचारी व्यवस्थापन भएसँगै ताप्लेजुङको ओलाङचुङ्गोला टिप्ताला नाका पुनः सञ्चालनमा आएको छ । यसअघि स्थानीय कार्यालय सहयोगीका भरमा भन्सार कार्यालय सञ्चालन हुँदै आएको थियो ।

कोभिड-१९ को महामारी फैलिन थालेसँगै यो भन्सार कार्यालय पूर्ण रूपमा बन्द गरिएको थियो । अहिले कर्मचारी व्यवस्थापन गरी सञ्चालनमा ल्याइएको फक्ताङलुङ गाउँपालिका-७ का वडाध्यक्ष छेतेन लामाले जानकारी दिए । भन्सार कार्यालय सञ्चालन गर्नका » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ४२,
२०८३ साल जेठ १२ गते मंगलबार
28 MAY 2026, TUESDAY

**...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की**

## सम्पादकीय

# बाढी, पैरो आउनु अगावै सर्तक होऔ

नेपालमा जव घटना, दुर्घटना भईसक्छन् त्यसपछि अनेक खालका अनुमान, निर्देशन, सुझाव अर्ति, उपदेश दिने चलन चल्दै आएको छ । न्याउरी मारी पछुतो भने जस्तो नेपाली समाजको चरित्र बन्दै आएको छ । यस्ता विपत्त व्यावस्थापनको लागी छुट्टै नेपाल सरकारको निकाय समेत छ । तर पनि अग्रीम तयारीले अपवादमा वाहेक रिजल्ट दिन सकेको छैन ।

विशेष गरेर बाढी, पैरो चट्याङ जस्ता बिपत्ती नेपालका नेपालीहरूले व्यहोर्दै आइरहेका छन् । यस्तो विपत्त आउन नदिना समयमा नै सचेतना फैलाउने बढीग्रस्त क्षेत्रहरूको पहिचान गरेर दिर्धकालीन रूपमा नै वस्ती स्थान्तरण गर्ने पैरो जोखिमयुक्त ठाउहरूमा वस्ती निर्माण गर्न नदिने, तटबन्द लगाएर रोक्न सकिने क्षेत्रहरूमा तटबन्द समयमा नै सम्पन्न गर्ने जस्ता अध्ययन, अनुगमन, प्रशिक्षण सरकारले डिजाइन बनाएर नयाँ वस्तीहरूको विकास गर्न कामहरू गरेको देखिदैन ।

चट्याङवाट बच्न चट्याङ जोखिम क्षेत्रहरूमा प्रविधिहरूको जडान, अनुगमन, सचेतना जस्ता कामहरू गरेको पाईदैन । यसरी दिर्धकालीन रूपमा अगावै गर्नुपर्ने आपत विपत्तका लागी कामहरू सवै सम्बन्धित निकायले. दिर्धकालीन, अल्पकालीन, तत्कालीन रूपमा गर्नेगरी काम थालेर पूर्व तयारी गर्नुपर्छ । नेपालमा जेठ, असार, साउन, भदौ, असोज सम्म नै बाढी, पैरोको जोखिम हुने गर्दछ । यिनै महिनाहरूमा धेरै धन, जनको क्षति देशले व्याहोर्दै आईरहेको छ ।

यस्ता घटना हुन नदिन र भईहालेमा चाडो उद्धार, राहत कार्यक्रमहरू पुऱ्याईहाल्न तदरूक्ताका साथ तुरून्तै उद्धार गर्ने संयन्त्र तयार गरेर राख्ने क्षमताको विकास नेपाल सरकारले गरोस् ।

# सरकारको आउँदो कार्यदिशा



■ विश्वनाथ खरेल

नेपालको राजनीतिक इतिहासमा सरकार परिवर्तन, गठबन्धनको पुनर्संरचना, आर्थिक चुनौती, जनअपेक्षा र सुशासनको प्रश्न सधैँ चर्चाको केन्द्रमा रहने गरेका छन् । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि जनताले राजनीतिक स्थायित्व, आर्थिक समृद्धि, रोजगारी, गुणस्तरीय शिक्षा-स्वास्थ्य, पूर्वाधार विकास तथा भ्रष्टाचार नियन्त्रणको अपेक्षा गरेका छन् । तर व्यवहारमा राजनीतिक अस्थिरता, कमजोर कार्यान्वयन, सुस्त प्रशासन र आर्थिक मन्दीले जनअपेक्षाअनुसार परिणाम दिन सकेको छैन । यस्तो अवस्थामा वर्तमान सरकारमाथि जनताको भरोसा पुनः स्थापित गर्दै राष्ट्रलाई विकास, सुशासन र समृद्धिको दिशामा अगाडि बढाउने ठूलो जिम्मेवारी आएको छ । वर्तमान सरकारको आगामी कार्यदिशा केवल सरकार सञ्चालनको औपचारिक योजना मात्र होइन, यो देशको आर्थिक, सामाजिक, राजनीतिक र प्रशासनिक भविष्यसँग जोडिएको विषय हो । आगामी दिनमा सरकारले कुन प्राथमिकता तय गर्छ, कसरी कार्यान्वयन गर्छ र जनतालाई कस्तो परिणाम दिन्छ भन्ने कुराले नेपालको समग्र भविष्य निर्धारण गर्नेछ ।

सुशासन र प्रशासनिक सुधार : नेपालमा सुशासनको अभाव सबैभन्दा बढी उठ्ने प्रश्न हो । भ्रष्टाचार, ढिलासुस्ती, अनियमितता, दलाल संस्कृति र कमजोर सेवा प्रवाहका कारण जनतामा निराशा बढेको छ । त्यसैले वर्तमान सरकारको पहिलो कार्यदिशा सुशासनलाई केन्द्रमा राख्नुपर्ने देखिन्छ । सरकारले सार्वजनिक प्रशासनलाई पारदर्शी, उत्तरदायी र परिणाममुखी बनाउनु आवश्यक छ । सरकारी कार्यालयमा डिजिटल प्रणाली विस्तार, अनलाइन सेवा, कागजरहित प्रशासन र नागरिकमैत्री सेवा प्रणाली विकास गर्नुपर्छ । यसले भ्रष्टाचार घटाउने र सेवा छिटो उपलब्ध गराउनेछ । त्यसरी नै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र तथा अन्य निगरानी निकायलाई प्रभावकारी बनाउनुपर्छ । ठूला भ्रष्टाचार काण्डमा निष्पक्ष अनुसन्धान र कारबाही गर्न सके मात्र जनविश्वास बढ्नेछ । कर्मचारीतन्त्रलाई राजनीतिक प्रभावबाट मुक्त गरी योग्यता र क्षमताका आधारमा काम गर्ने वातावरण निर्माण गर्नु अर्को महत्वपूर्ण दिशा हो । संघीय संरचनाअनुसार केन्द्र, प्रदेश र स्थानीय तहबीच समन्वय सुधार गर्नु पनि सरकारको प्राथमिकता बन्नुपर्छ ।

आर्थिक सुधार र समृद्धिको मार्ग : नेपालको अर्थतन्त्र अहिले चुनौतीपूर्ण अवस्थामा छ । राजस्व संकलन कमजोर छ, उद्योग व्यवसाय सुस्त छन् । यसले गर्दा वैदेशिक लगानी अपेक्षाअनुसार आएको छैन र युवा विदेश पलायन भइरहेका छन् । यस सन्दर्भमा वर्तमान सरकारको मुख्य कार्यदिशा आर्थिक पुनरुत्थान हुनुपर्छ।

कृषि आधुनिकीकरण : नेपाल कृषिप्रधान देश भए पनि खाद्यान्न आयातमा निर्भर हुँदै गएको छ । सरकारको आगामी योजना कृषिलाई व्यवसायीकरण र आधुनिकीकरण गर्ने दिशामा केन्द्रित हुनुपर्छ । सिंचाइ विस्तार, उन्नत बीउ-मलको सहज उपलब्धता, कृषि बिमा, भण्डारण व्यवस्था तथा बजार सुनिश्चितताले किसानलाई उत्पादनमा आकर्षित गर्न सकिन्छ । कृषि उत्पादनमा आधारित उद्योग स्थापना गरी ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउनुपर्ने आवश्यकता छ ।

उद्योग र लगानी प्रवर्द्धन : देशभित्र उद्योगमैत्री वातावरण निर्माण गर्न सके मात्र रोजगारी सिर्जना हुन्छ । सरकारको कार्यदिशा लगानीमैत्री नीति निर्माण, कर प्रणाली सुधार, विद्युत् आपूर्ति सुनिश्चितता तथा प्रशासनिक झन्झट हटाउनेतर्फ केन्द्रित हुनुपर्छ । जलविद्युत्, पर्यटन, सूचना प्रविधि, सिमेन्ट, जडीबुटी तथा कृषि प्रशोधन उद्योगलाई प्राथमिकता दिएर उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्न सकिन्छ । विदेशी लगानी आकर्षित गर्न नीतिगत स्थायित्व, कानुनी सुरक्षा र पूर्वाधार विकास अपरिहार्य छ ।

रोजगार सिर्जना : हरेक वर्ष हजारौँ युवा रोजगारीका लागि विदेश पलायन भइरहेका छन् । सरकारको आगामी दिशा युवालाई स्वदेशमै अवसर सिर्जना गर्ने हुनुपर्छ । सीपमूलक शिक्षा, स्टार्टअप प्रवर्द्धन, सहुलियत ऋण, उद्यमशीलता विकास तथा डिजिटल अर्थतन्त्रमा आधारित रोजगारी सिर्जना गर्नुपर्छ । यदि सरकारले युवालाई अवसर दिन सकेन भने देशको उत्पादनशील जनशक्ति निरन्तर बाहिरिने खतरा रहन्छ ।

पूर्वाधार विकासलाई तीव्रता : पूर्वाधार विकास आर्थिक समृद्धिको आधार हो । सडक, पुल, विद्युत्, खानेपानी, विमानस्थल, रेल, सूचना प्रविधि तथा शहरी विकासमा तीव्र काम गर्नु सरकारको आगामी कार्यदिशा हुनुपर्छ । नेपालमा धेरै आयोजना समयमै सम्पन्न नहुने समस्या छ । लागत बढ्ने, गुणस्तर कमजोर हुने र राजनीतिक हस्तक्षेप हुने प्रवृत्तिले विकासलाई प्रभावित बनाएको छ । त्यसैले परियोजना व्यवस्थापन सुधार, पारदर्शी ठेक्का प्रणाली र समयसीमा कार्यान्वयनमा कडाइ आवश्यक छ ।

ऊर्जा क्षेत्र : नेपाल जलस्रोतमा धनी देश हो । जलविद्युत् उत्पादन बढाएर आन्तरिक खपत तथा निर्यात विस्तार गर्नु सरकारको दीर्घकालीन दिशा बन्नुपर्छ । भारत र बंगलादेशसँग विद्युत् व्यापार विस्तार गरेर नेपालले विदेशी मुद्रा आर्जन गर्न सक्छ । ऊर्जा क्षेत्रमा निजी क्षेत्रको सहभागिता बढाउनु र प्रसारण लाइन विस्तार गर्नु आवश्यक छ ।

सडक र यातायात : गुणस्तरीय सडक सञ्जाल आर्थिक गतिविधिको मेरुदण्ड हो । ग्रामीण सडक सुधार, द्रुतमार्ग निर्माण, सुरुङमार्ग तथा आधुनिक सार्वजनिक यातायात विकास गर्नुपर्छ । काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन, प्रदूषण नियन्त्रण तथा सार्वजनिक यातायात सुधार पनि सरकारको प्राथमिकता बन्नुपर्छ ।

शिक्षा क्षेत्रमा सुधार : नेपालको शिक्षा प्रणाली अझै पनि व्यावहारिक र रोजगारमुखी बन्न सकेको छैन । लाखौँ विद्यार्थी उच्च शिक्षाका लागि विदेश जाने क्रम बढ्दो छ । यसले देशबाट ठूलो धनराशि बाहिरिएको छ । सरकारको आगामी कार्यदिशा गुणस्तरीय, प्रविधिमैत्री र रोजगारमुखी शिक्षा प्रणाली विकास गर्नु हुनुपर्छ ।

प्राविधिक शिक्षा : प्राविधिक तथा व्यावसायिक शिक्षालाई विस्तार गरी उद्योग र श्रम बजारसँग जोड्नुपर्छ । कृषि, स्वास्थ्य, सूचना प्रविधि, पर्यटन र निर्माण क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्नु आवश्यक छ ।

अनुसन्धान र नवप्रवर्तन : विश्वविद्यालयलाई अनुसन्धान केन्द्रका रूपमा विकास गर्नुपर्छ । विज्ञान, प्रविधि र नवप्रवर्तनमा लगानी बढाउनु आजको आवश्यकता हो । डिजिटल शिक्षाको विस्तार, ग्रामीण क्षेत्रमा इन्टरनेट पहुँच र शिक्षक तालिमलाई पनि प्राथमिकता दिनुपर्छ ।

स्वास्थ्य क्षेत्रको सुदृढीकरण : कोभिड-१९ महामारीले नेपालको स्वास्थ्य प्रणालीका कमजोरी उजागर गरेको थियो । अझै पनि ग्रामीण क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा पहुँच कमजोर छ । सरकारको आगामी दिशा स्वास्थ्य पूर्वाधार विस्तार, जनशक्ति व्यवस्थापन र सर्वसुलभ स्वास्थ्य सेवा सुनिश्चित गर्ने हुनुपर्छ ।

अस्पताल र स्वास्थ्य सेवा : प्रदेश तथा जिल्ला अस्पताललाई सुदृढ बनाउनु आवश्यक छ । स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी बनाउनु र औषधिको सहज उपलब्धता सुनिश्चित गर्नुपर्छ । मातृ मृत्युदर र कुपोषण घटाउन विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ । ग्रामीण क्षेत्रमा स्वास्थ्यकर्मीको अभाव समाधान गर्नु पनि महत्वपूर्ण छ ।

संघीयता कार्यान्वयन र समन्वय : नेपालको संविधानले संघीय शासन व्यवस्था स्थापित गरेको छ । तर संघीयता अझै पूर्णरूपमा प्रभावकारी हुन सकेको छैन । केन्द्र, प्रदेश र स्थानीय तहबीच अधिकार, स्रोत र जिम्मेवारीमा स्पष्टता आवश्यक छ । सरकारको आगामी कार्यदिशा संघीयताको प्रभावकारी कार्यान्वयन हुनुपर्छ । स्थानीय तहलाई आर्थिक र प्रशासनिक रूपमा सक्षम बनाउनु, प्रदेश सरकारको भूमिकालाई स्पष्ट पार्नु तथा समन्वय प्रणाली मजबुत बनाउनु जरुरी छ । संघीयता सफल भए मात्र विकास स्थानीय स्तरसम्म पुग्न सक्छ ।

सामाजिक न्याय र समावेशिता : नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देश हो । संविधानले समावेशी राज्यको अवधारणा अघि सारे पनि व्यवहारमा अझै विभेद र असमानता देखिन्छ । सरकारको आगामी दिशा सामाजिक न्याय, समान अवसर र समावेशी विकासमा केन्द्रित हुनुपर्छ । दलित, महिला, आदिवासी जनजाति, मधेसी, पिछडिएका समुदाय तथा अपांगता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्न विशेष कार्यक्रम आवश्यक छन् । महिला सशक्तीकरण, लैंगिक समानता तथा युवाको राजनीतिक सहभागिता बढाउनु पनि महत्वपूर्ण छ ।

पर्यटन प्रवर्द्धन : नेपाल प्राकृतिक, सांस्कृतिक र धार्मिक पर्यटनको धनी देश हो । पर्यटनले ठूलो रोजगारी र विदेशी मुद्रा आर्जन गर्न सक्छ । सरकारको आगामी कार्यदिशा पर्यटन पूर्वाधार विकास, अन्तर्राष्ट्रिय प्रचार, सुरक्षित पर्यटन वातावरण तथा नयाँ गन्तव्य प्रवर्द्धन हुनुपर्छ । जसमा सगरमाथा, लुम्बिनी, पशुपतिनाथ मन्दिर, चितवन नेसनल पार्क आदि विश्वप्रसिद्ध गन्तव्यलाई आधुनिक सेवासँग जोडेर नेपाललाई आकर्षक पर्यटकीय केन्द्र बनाउन सकिन्छ। धार्मिक पर्यटन, साहसिक पर्यटन, ग्रामीण पर्यटन तथा स्वास्थ्य पर्यटनलाई पनि सरकारले प्राथमिकता दिनुपर्छ ।

वातावरण संरक्षण : जलवायु परिवर्तनको असर नेपालमा तीव्ररूपमा देखिएको छ । हिमाल पग्लिने, बाढी-पहिरो बढ्ने, कृषि उत्पादन घट्ने तथा प्राकृतिक विपत्ति बढ्ने समस्या देखिएका छन् । सरकारको आगामी कार्यदिशा वातावरण संरक्षण र दिगो विकास हुनुपर्छ । वन संरक्षण, नदी व्यवस्थापन, फोहोर व्यवस्थापन तथा हरित ऊर्जामा लगानी बढाउनुपर्छ । विपद् व्यवस्थापन प्रणालीलाई आधुनिक र प्रभावकारी बनाउनु पनि आवश्यक छ ।

अन्तर्राष्ट्रिय सम्बन्ध : नेपाल दुई ठूला छिमेकी भारत र चीनबीच अवस्थित देश भएकाले सन्तुलित परराष्ट्र नीति अत्यन्त महत्वपूर्ण छ । सरकारको आगामी दिशा राष्ट्रिय हित केन्द्रित कूटनीति हुनुपर्छ । छिमेकी राष्ट्रसँग आर्थिक, व्यापारिक र पूर्वाधार सहकार्य विस्तार गर्नु आवश्यक छ । वैदेशिक रोजगारीमा रहेका नेपालीको सुरक्षा, श्रम अधिकार तथा लगानी आकर्षणमा पनि कूटनीतिक पहल आवश्यक छ । नेपाललाई अन्तर्राष्ट्रिय मञ्चमा शान्ति, बुद्ध दर्शन र हिमाली राष्ट्रका रूपमा स्थापित गर्ने रणनीति अपनाउनुपर्छ ।

सूचना प्रविधि र डिजिटल नेपाल : विश्व डिजिटल युगमा प्रवेश गरिसकेको छ । नेपालले पनि सूचना प्रविधिलाई विकासको मुख्य आधार बनाउनुपर्ने आवश्यकता छ । सरकारको आगामी कार्यदिशा डिजिटल नेपाल अभियानलाई प्रभावकारी बनाउने हुनुपर्छ । यसमा ई-गभर्नेन्स, डिजिटल भुक्तानी, अनलाइन शिक्षा, साइबर सुरक्षा तथा आईटी उद्योग विकासमा लगानी बढाउनुपर्छ । नेपालका युवामा सूचना प्रविधिको ठूलो सम्भावना भएकाले सरकारले स्टार्टअप र नवप्रवर्तनलाई प्रोत्साहन गर्नुपर्छ ।


राजनीतिक स्थायित्व र जनविश्वास : राजनीतिक अस्थिरता नेपालको विकासको प्रमुख अवरोध हो । बारम्बार सरकार परिवर्तन हुँदा नीति निरन्तरता कमजोर हुने गरेको छ । वर्तमान सरकारको आगामी दिशा राजनीतिक स्थायित्व, सहकार्य र राष्ट्रिय सहमति निर्माण हुनुपर्छ । विपक्षसँग संवाद, संसद् प्रभावकारी सञ्चालन तथा लोकतान्त्रिक संस्कारको विकास आवश्यक छ । सरकार जनताको अपेक्षाअनुसार काम गर्न सफल भए मात्र लोकतन्त्रप्रति विश्वास बलियो बन्न सक्छ ।

निष्कर्ष : वर्तमान सरकारको आगामी कार्यदिशा केवल घोषणापत्रमा सीमित हुनुहुँदैन, व्यवहारमा परिणाम दिने खालको हुनुपर्छ। सुशासन, आर्थिक सुधार, रोजगार सिर्जना, शिक्षा-स्वास्थ्य सुधार, पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन, वातावरण संरक्षण र संघीयता कार्यान्वयनलाई प्राथमिकतामा राखेर काम गर्न सके नेपाल समृद्धिको दिशामा अघि बढ्न सक्छ । आज नेपाली जनता भाषणभन्दा परिणाम चाहन्छन् । जनताले स्थिरता, पारदर्शिता, रोजगारी, विकास र न्यायको अपेक्षा गरेका छन् । त्यसैले सरकारले कार्यान्वयन क्षमता देखाउनुपर्छ। यदि वर्तमान सरकारले दूरदर्शी नीति, दृढ इच्छाशक्ति र प्रभावकारी कार्यान्वयनमार्फत जनविश्वास जित्न सक्यो भने नेपालको आर्थिक तथा सामाजिक रूपान्तरण सम्भव छ । अन्यथा राजनीतिक अस्थिरता, बेरोजगारी, भ्रष्टाचार र निराशा अझ गहिरिँदै जाने खतरा रहनेछ । अन्ततः सरकारको सफलता उसले बनाएका योजनाले होइन, जनताको जीवनमा ल्याएको सकारात्मक परिवर्तनले मापन गरिनेछ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# कानुनका विद्यार्थीलाई इन्टर्नसिपको व्यवस्था मिलाइयोस् : सांसद खनाल



काठमाडौं- सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद मनिष खनालले कानुनका विद्यार्थीका लागि इन्टर्नसिपको व्यवस्था मिलाउने गरी कानूनी प्रबन्ध गर्न सरकारसँग माग गरेका छन् ।

सोमबार प्रतिनिधि सभा अन्तर्गतको कानुन, न्याय तथा मानव अधिकार समितिको बैठकमा बोल्दै उनले कानुनका विद्यार्थीलाई इन्टर्नसिपका लागि ठूलो समस्या भएको उल्लेख गरे ।

साथै, सो समस्या समाधान हुनेगरी कानूनी व्यवस्था गर्न सरकारसँग माग पनि गरेका हुन् ।

'हामी कहाँ कानुनका विद्यार्थीहरूले इन्टर्नसिपका लागि कहाँ जाने, के गर्ने ? भन्नेमा निकै समस्या छ । कुनै ल फर्ममा गएर काम गरौ भने त्यहाँ मेहनत अनुसार पारिश्रमिक हुँदैन । सम्मान पनि हुँदैन,' सांसद खनालले भने, 'हामीसँग सिंहदरबार भित्रै धेरै मन्त्रालयहरू छन । धेरै विभागहरू छन । हरेक कानुनका विद्यार्थीहरूलाई हामीले सरकारी निकायसँग जोडन सक्छौं । यसो गर्न सकियो भने उनीहरूलाई इन्टर्नसिपका लागि समस्या पर्छ जस्तो मलाई लाग्दैन ।'

कानुनका विद्यार्थीले ल फर्ममा गएर इन्टर्नसिप दिँदा पारिश्रमिक र सम्मान दुवै नपाउने कठिनाई भएकाले पनि उनीहरूका लागि सो को उचित व्यवस्था गर्न सरकारले ढिलाई गर्न नहुने जिकिर गरे ।

सांसद खनालले कानूनका जनशक्तिको आवश्यकताअनुसार मात्रै कलेजहरू संचालन गर्नका लागि अनुमति दिन पनि सरकारलाई सचेत गराए ।

## कानुन निर्माणमा नागरिक

# संसदीय समितिमा मन्त्री गौतमले गराइन् डिजिटल प्लेटफर्मबारे जानकारी



काठमाडौं । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोबिता गौतमले सरकारले कानुन निर्माणमा नागरिकलाई सहभागी गराउनका लागि ल्याइएको डिजिटल प्लेटफर्मबारे संसदीय समितिमा जानकारी गराएकी छिन् ।

सोमबार बसेको कानुन, न्याय तथा संसदीय समितिको बैठकमा यसबारे जानकारी गराउँदै उनले प्रयोग विधिबारे पनि जानकारी गराइन् ।

उनका अनुसार, जुनसुकै कानुनबारे जानकारी गराउन र आवश्यक लागेका संशोधनहरूबारे अब वेबसाइटबाटै काम गर्न सकिनेगरी काम अघि बढाइएको छ ।

'मन्त्रालयको वेबसाइटमै गएर संशोधन लगायतका काम गर्न सकिन्छ । त्यहाँ क्लिंक गरेर गर्न सकिन्छ । जुनै पनि कानुनमा संशोधन गर्नंपर्ने भन्ने लाग्यो भने त्यहाँ गएर गर्न सकिन्छ,' कानुनमन्त्री गौतमले भनिन् ।

कतिपय सांसदहरूले चारपटकमा बल्ल संसद्मा बोल्ने पालो आउने र त्यो बेलामा धेरै कानुन संशोधनका कुरा एकैपटक उठाउन अप्ठेरो भएको गुनासो गर्ने गरेकाले यो प्लेटफर्म अझै सहज हुने जानकारी गराइन् ।

'चारचोटी संसद् बसेपछि बल्ल एक पटक पालो आउँछ भन्ने माननीयज्यूले पनि भन्नुभएको छ । यो पोर्टलमा गएर हेर्नंभयो भने उहाँहरूलाई पनि सहज हुन्छ,' गौतमले समिति बैठकमा भनिन् । जनतालाई पनि सशक्तिकरण गर्ने उद्देश्यका लागि आफूहरूले काम गरेको उनले भनिन् । उनका अनुसार, मन्त्रालयले धेरैभन्दा धेरै डिजिटलाइजेशनमा काम गरिरहेको छ ।

'कानुनहरू खोज्नुपर्‍यो भने कहाँ गएर खोज्ने ? कसरी थाहा पाउने ? भन्ने चिन्ता छ । मन्त्रालयले अहिले तीनै तहका मौजुदा, संशोधित कानुनलाई एकै ठाउँमा संकलन गर्ने काम हामीले गरिरहेका छौं,' उनले भनिन् ।

मन्त्रालयको सामाजिक सञ्जालबाट पनि नियमित रुपमा सञ्चालमा ल्याइएको उनले बताइन् । कानुन नागरिकका लागि बन्ने भएकाले कस्तो कानुन बन्छ ? वा बनाउनुपर्छ भन्ने कुरा स्पष्ट रुपमा राख्न नपाएको भन्दै त्यसलाई सहज बनाउनका लागि यो प्लेटफर्म सुचारु गरिएको उनले बताइन् ।

कानुन मन्त्रालयको आधिकारिक वेबसाइटमा गई सम्बन्धित ट्याबमा क्लिक गरेर नागरिकले कुनै पनि विधेयक वा कानुनको दफामा संशोधन वा सुझाव दिन सकिने उनले जानकारी गराइन् ।

भाषागत कठिनाइ भए पनि मन्त्रालयले सुझावलाई कानुनी भाषामा रूपान्तरण गर्ने पनि सरकारले गर्ने उनले बताइन् ।

सुझाव दिनुअघि उक्त कानुनबारे पढेर मात्रै दिन पनि उनले आग्रह गरिन् ।

# हेटौंडा सिमेन्ट उद्योग बन्द हुनु दुःखद हो, यसलाई सरकारले चलाउँछ : उद्योगमन्त्री



बागमती । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले लामो समयदेखि आर्थिक संकटसँग जुध्दै आएको हेटौंडा सिमेन्ट उद्योगको आज निरीक्षण गरेकी छन् । कुनै बेला बन्द हुने र कुनै बेला सञ्चालन हुने नियति भोग्दै आएको उक्त सिमेन्ट उद्योगको अवस्था बुझ्न मन्त्री यादवले आज उद्योगको निरीक्षणसँगै व्यवस्थापन र कर्मचारीहरूसँग छलफलसमेत गरेकी छन् ।

उद्योग निरीक्षणपश्चात् आयोजित छलफल कार्यक्रममा मन्त्री यादवले सरकारको स्वामित्वमा रहेको सिमेन्ट उद्योग बन्द हुनु अत्यन्तै दुःखद भएको बताउँदै सरकार बन्द रहेका सबै उद्योग सञ्चालन गर्ने तयारीमा रहेको बताइन् ।

'हेटौंडा सिमेन्ट उद्योग नियमित रूपमा कसरी सञ्चालन गर्न सकिन्छ, त्यस विषयमा हामीले अध्ययन गरिरहेका छौं,' मन्त्री यादवले भनिन्, 'थुप्रै निजी सिमेन्ट उद्योगहरू नियमित सञ्चालन हुने तर सरकारी स्वामित्वको सिमेन्ट उद्योग बन्द हुने यो असाध्यै दुःखद कुरा हो ।'

सरकारले हेटौंडा सिमेन्ट उद्योगको समस्यालाई गम्भीरतापूर्वक लिएको छ, छिट्टै सबै समस्या समाधान गरेर नियमित सञ्चालनको वातावरण बनाउने मन्त्री यादवको भनाइ छ ।

'उद्योग बन्द हुँदा रोजगारीमात्र गुम्दैन, देशको आर्थिक अवस्थामा पनि असर पर्छ,' मन्त्री यादवले भनिन्, 'त्यसैले जसरी भए पनि सिमेन्ट उद्योगलाई सञ्चालन गर्न सरकार चाहिरहेको छ, यसमा सबैको सहयोग आवश्यक छ ।'

सरकार एक्लैले मात्र चाहेर उद्योग नियमित चल्न नसक्ने भएकाले यसमा व्यवस्थापन र कर्मचारीको पनि त्यत्तिकै सहयोग आवश्यक रहेको उल्लेख गर्दै मन्त्री यादवले बन्द अवस्थामा रहेको हेटौंडा सिमन्ट उद्योग नियमित सञ्चालनका लागि सरकार सहयोग गर्न प्रतिबद्ध रहेको बताइन् । कार्यक्रममा हेटौंडा सिमेन्ट उद्योगका निमित्त महाप्रबन्धक शिवनारायण साहले मेसिन पुरानो र जीर्ण भएकाले समय-समयमा बिग्रिने र आर्थिक संकटका कारण कच्चा पदार्थको आपूर्ति हुन नसक्दा उद्योग बन्द भएको जानकारी दिए ।

मेसिनको मर्मतसम्भार गरेर समय-समयमा थोरै भए पनि सिमेन्ट उत्पादन गर्दै आएकामा पछिल्लो समय कच्चा पदार्थको आपूर्ति हुन नसक्दा उद्योग बन्द गर्नंपरेको जानकारी दिँदै निमित्त महाप्रबन्धक साहले आर्थिक समस्याका कारण कर्मचारीहरूलाई ११ महिनादेखि तलबभत्ता उपलब्ध गराउन नसकिएको, कच्चा पदार्थ आपूर्तिकर्ताको पुरानो बक्यौता तिर्न नसकेको, बिजुली महसुल भुक्तानी गर्नेलगायत समस्या अवगत गराए । तत्काल देखिएको आर्थिक समस्यालाई समाधान गर्न सकिए उद्योग नियमित सञ्चालन गर्न सकिने उनको भनाइ थियो ।

२०३३ सालमा हेटौंडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो । अहिले उपकरण पुरानो भइसकेको र राम्ररी उत्पादन गर्न सक्ने अवस्थामा नरहेको प्राविधिकहरूको भनाइ छ ।

## रामेछाप डायरी

# रामेछाप नगरपालिका पूर्ण खोप सुनिश्चितता पालिका घोषणा




रामेछापका रामेछाप नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता पालिका घोषणा गरिएको छ । पालिकाभित्रका लक्षित उमेर समूहका सबै बालबालिकाले राष्ट्रिय खोप तालिका अनुसार आवश्यक खोप प्राप्त गरेपछि पालिकालाई पूर्ण खोप सुनिश्चितता पालिका घोषणा गरिएको हो ।

बुधबार नगरपालिकाले आयोजना गरेको घोषणा कार्यक्रममा जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा सरोकारवालाको सहभागिता रहेको थियो । कार्यक्रममा बोल्नुहँदै जिल्ला समन्वय समितिका प्रमुख चिना खड्का काकीले बालबालिकालाई रोगबाट सुरक्षित राख्न खोप कार्यक्रम प्रभावकारी बनेको बताउनुभयो । हरेक वर्ष हुने यस्ता कार्यक्रममले कुनै पनि बालबालिका खोपबाट बन्चित नहुने सन्देश दिने उहाँको भनाई छ । जनस्वास्थ्य कार्यालय रामेछापका प्रमुख विभु झाले उमाकुण्ड गाउँपालिका जिल्लाकै पहिलो पूर्ण खोप सुनिश्चितता पालिका घोषणा भएको बताउनुभया । रामेछाप नगरपालिका जिल्लामा दाश्रो पालिका घोषणा भएको बताउनुभयो ।

कार्यक्रममा रामेछाप नगरपालिकाका प्रमख लबश्री न्यौपाने र उपप्रमुख बाल कुमारी कार्कीले पूर्ण खोप सुनिश्चितता पालिका घोषणा गर्नमा सहयोग गर्ने सबैमा धन्यवाद व्यक्त गर्नुभयो । उहाँहरुले यसलाई दिगोपना कायम राख्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

नगरपालिकाका स्वास्थ्य शाखाका प्रमुख विष्णु बहादुर कार्कीका अनुसार पालिकाभित्रका सबै वडामा नियमित खोप कार्यक्रम सञ्चालन गरिएको छ भने छुटेका बालबालिकालाई समेत खोजी गरी खोप सेवा प्रदान गरिएको थियो । पूर्ण खोप सुनिश्चितता कायम राख्न आगामी दिनमा पनि नियमित अनुगमन तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने जनाइएको छ ।

कार्यक्रममा स्वास्थ्य क्षेत्रमा योगदान पुर्‍याउने स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकालाई सम्मान समेत गरिएको थियो ।

## बीपी राजमार्ग पुनर्निर्माण

# पिप्ले-बर्खेखोला खण्डमा काम सुरु



काभ्रेपलाञ्चोक । जापानले जिम्मा लिएको बीपी राजमार्गको क्षतिग्रस्त पिप्लेदेखि बर्खेखोला सडक खण्ड पुनर्निर्माण सोमबारदेखि सुरु भएको छ ।

२०८१ सालको बाढीपहिरोका कारण क्षतिग्रस्त बीपी राजमार्गको पिप्लेदेखि बर्खेखोलासम्मको ३ दशमलव २ किलोमिटर सडकखण्ड जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को आर्थिक तथा प्राविधिक सहयोगमा पुनर्निर्माण सुरु भएको सडक डिभिजन भक्तपुरका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले जानकारी दिए ।

नेपालका लागि जापानका राजदूत माएदा तोरु र पूर्वाधार विकास मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले संयुक्त रूपमा परियोजना पुनर्निर्माणको शिलान्यास गरेका छन् ।

जापानको सिमिजु कर्पोरेसनले उक्त खण्डको निर्माण ठेक्का पाएको छ । जापानले दुई अर्ब ८० करोड येन अनुदान दिने गरी १३ कात्तिकमा द्विपक्षीय सम्झौता भएको थियो ।

काभ्रे र सिन्धुलीमा पर्ने ३० दशमलव ५ किलोमिटर सडकखण्ड पुनर्निर्माण तथा मर्मतमा चार प्याकेजमा विभाजन गरेर सडक विभागले पुनर्निर्माण गरिरहेको छ । भकुन्डेबेसीदेखि चारसयबेसीसम्म ११ किलोमिटर सडक पुनर्निर्माणका लागि लामा-नवकान्तिपुर जेभीसँग एक अर्ब १४ करोड रुपैयाँमा ठेक्का सम्झौता भएर काम भइरहेको छ ।

चारसयबेसीदेखि डालाबेसीसम्मको नौ किलोमिटर सडक बनाउन खानी-कमलजित-एवान जेभीसँग एक अर्ब २२ करोड रुपैयाँमा ठेक्का सम्झौता गरिएको छ ।

डालाबेसीदेखि पिप्लेसम्म २.३ किमि सडकको पुनर्निर्माणका लागि उमा एन्ड कम्पनी-भण्डारी-अमरज्योति जेभीसँग ६८ करोड ८० लाख ६८ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको छ ।

हाल यी खण्डमा पनि पुनर्निर्माणको काम भइरहेको छ । सिन्धुली जिल्लामा पर्ने बर्खेखोलादेखि नेपालथोकसम्मको पाँच किलोमिटर सडक पुनर्निर्माण गर्न भने खरीढुंगा-घिसिङ-क्षितिज जेभीसँग ५५ करोड रुपैयाँमा ठेक्का सम्झौता भएको छ ।

एक सय ५९ किलोमिटर बीपी राजमार्ग जापानकै २६ अर्ब यान आर्थिक र प्राविधिक सहयोगमा निर्माण गरिएको थियो । २०५३/५४ सालदेखि सुरु भएको निर्माणकार्य २०७२ सालमा सम्पन्न भएको थियो ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१८, अंक- ४२,
२०८३ साल जेठ १२ गते मंगलबार
28 MAY 2026, TUESDAY

# विभिन्न कार्यक्रम गर्दै महालक्ष्मी विकास बैंकको ३२औं वार्षिकोत्सव सम्पन्न

काठमाडौं । महालक्ष्मी विकास बैंकले जेठ ७ गते ३२औं वर्षमा प्रवेश गरेको छ ।३२औं वर्षमा प्रवेश गरेको अवसरमा जेठ २ गतेदेखि ७ गतेसम्म वार्षिक उत्सव मनाउने क्रममा विभिन्न कार्यक्रमहरू सम्पन्न गरेको छ ।

वार्षिक कार्यक्रम अन्तर्गत जेठ २ गते बैंकको केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालयहरू तथा शाखा कार्यालयका कर्मचारीहरूको सहभागितामा वित्तीय साक्षरता सहितको प्रभातफेरी कार्यक्रम सम्पन्न गरेको छ ।

विभिन्न स्थानहरूमा गरिएको वित्तीय साक्षरता कार्यक्रममा बैंकिङ सेवाहरू जस्तै मोवाइल बैंकिङ, स्मार्ट क्युआर, निक्षेप, कर्जा, विप्रेषण आदिसँग सम्बन्धित विषयवस्तुहरू समेटिएको थियो ।

साथै जेठ ४ गते बैंकको केन्द्रीय कार्यालयमा वृहत निःशुल्क स्वास्थ्य शिविर तथा निःशुल्क दन्त तथा आँखा शिविर समेत सञ्चालन गरेको छ ।उक्त शिविरहरूमा करिब २०० जना व्यक्तिहरूको स्वास्थ्य, आँखा तथा दाँतको परिक्षण गरिएको थियो ।

यसका साथै बैंकले वार्षिकोत्सवको अवसरमा जेष्ठ ६ गते देश भरका विभिन्न प्रादेशिक कार्यालय र बैंकको केन्द्रीय कार्यालयमा वृहत रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।उक्त रक्तदान कार्यत्रमहरू मार्फत २०० पिन्ट रगत संकलन गरिएको थियो ।



स्वास्थ्य क्षेत्रमा चुनौतीको रूपमा रहेको रगत व्यवस्थापनमा सहजता होस् भन्ने उद्देश्यले बैंकले ३२औं वार्षिकोत्सवको अवसर पारेर रक्तदान कार्यक्रमहरू सञ्चालन गरेको हो ।

सोही दिन बैंकले संस्कृति प्रवर्द्धन तथा मन्दिर सरसफाईलाई प्राथमिकतामा राखी विभिन्न स्थानमा रहेका महालक्ष्मी मन्दिर हरूमा सरसफाई लगायतका सामग्रीहरू हस्तान्तरण गरेको छ ।

साथै ललितपुर महालक्ष्मीस्थानमा रहेको महालक्ष्मी मन्दिरमा बगैंचा प्रवर्द्धनरमर्मत सम्भार तथा डिजिटल दक्षिणा भुक्तानी प्रवर्द्धनको लागि समेत बैंकले सहयोग गरेको छ ।

साथै बैंकले जेष्ठ ७ गते बिहिबार केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालय तथा शाखा कार्यालयहरू मार्फत देशको भौगोलिक र सांस्कृतिक अवस्थाको उजागर गर्न कर्मचारीहरूलाई स्थानीय भेषभूषा सहितको पहिरनमा उपस्थीत भई सम्बन्धीत भेषभुषाको प्रहसन समेत गरेको थियो ।सोही दिन नारायणहिटी नाराणस्थान गुठी व्यवस्थापन समिति, नारायणहिटीलाई खानेपानी ब्यवस्थापनको लागि पानी ट्याङकी हस्तान्तरण गरिएको छ ।

अगस्ट १९ मा मनाइने विश्व फोटोग्राफी दिवसको अवसरमा महालक्ष्मी विकास बैंकले स्थानीय साना तथा मझौला व्यापारहरूको प्रवर्द्धन तथा प्रचारप्रसार गर्ने उद्देश्यका साथ हरेको वर्ष आयोजना गर्दै आएको "महालक्ष्मी विकास बैंक बिजचित्र फोटोग्राफी प्रतियोगिता" मा संकलन गरिएका फोटोहरू समेत बैंकको केन्द्रीय कार्यालयमा प्रदर्शन गरिएको छ ।

वार्षिक उत्सवको महत्वपुर्ण कार्यक्रमको रूपमा रहेको र विगत ४ बर्षदेखि सफलतापूर्वक सञ्चालन गरिएको महालक्ष्मी कर्पोरेट क्रिकेटको पाँचौ श्रृङखला समेत यहीँ जेठ महिनामा बैंकले सञ्चालन गर्नेछ ।

# कामना सेवा द्वारा नेपाल रेडक्रस सोसाइटीलाई डोनर बेड हस्तान्तरण



काठमाडौं । कामना सेवा विकास बैंकले मोरङस्थित नेपाल रेडक्रस सोसाइटीलाई १० थान डोनर बेड हस्तान्तरण गरेको छ । बैंकले विराटनगर शाखा कार्यालयमार्फत उक्त बेड हस्तान्तरण गरेको हो ।

बैंकले रक्तसञ्चार सेवाको प्रभावकारी संचालन तथा गरिब र विपन्न वर्गका बिरामीहरूलाई समयमै आवश्यक रगत उपलब्ध गराउने उद्देश्यले गरिने रक्तदान कार्यक्रमहरूमा सहयोगका लागि उक्त डोनर बेड प्रदान गरेको जनाएको छ ।

बैंकका कोशी प्रदेश प्रमुख खिमलाल भुसालले नेपाल रेडक्रस सोसाइटीका सभापति सुख्देव प्रसाद मण्डललाई डोनर बेड हस्तान्तरण गरे । सभापति मण्डलले उक्त सहयोगले रक्तदान कार्यक्रम संचालन गर्न तथा रक्तदाताहरूलाई सहज वातावरण उपलब्ध गराउन महत्त्वपूर्ण योगदान पुग्ने बताए ।

कार्यक्रममा बैंकका प्रदेश प्रमुख भुसालले मानव जीवन रक्षासँग प्रत्यक्ष जोडिएको रक्तदान तथा रक्तसञ्चार सेवामा सहयोग गर्न पाउँदा बैंक गौरवान्वित भएको बताए । उनले सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले शिक्षा, स्वास्थ्य तथा सामाजिक सेवाका क्षेत्रमा निरन्तर सहयोग गर्दै आइरहेको जानकारी दिए । रक्त संकलन सेवा संचालन गर्ने क्रममा डोनर बेड अत्यावश्यक रहने भएकोले बैंकबाट प्राप्त सहयोगले सेवा प्रवाहलाई थप सहज र प्रभावकारी बनाउन मद्दत पुग्ने बैंकले विश्वास लिएको छ ।

# बजेटमा एफएनसीसीआईको २१८ बुँदे सुझाव

काठमाडौं। नेपाल उद्योग वाणिज्य महासंघ (एफएनसीसीआई)ले आगामी आर्थिक वर्षको बजेट सम्बन्धमा सरकारलाई २१८ बुँदे सुझाव दिएको छ ।

सरकार बजेट निर्माणको अन्तिम तयारीमा रहँदा एफएनसीसीआईले वर्षेनि व्यवसाय नवीकरण गर्नंपर्ने व्यवस्था खारेज गर्नंपर्ने, आर्थिक कसुरमा फौजदारी कसुर सरह कैद सजाय नगरी आर्थिक जरिबानाको व्यवस्था गर्नंपर्ने, उधारो कारोबार सम्बन्धी कानुन बनाउनुपर्ने लगायत सुझाव दिएको हो ।

एफएनसीसीआईले कर सम्बन्धी एकीकृत कानुन ल्याउन, भ्याटको दर घटाउन, राजस्व प्रशासनलाई चार्टर्ड एकाउन्टेन्ट राख्न, अर्थ मन्त्रालयमा



छुट्टै प्रशासकीय पुनरावेदन ईकाईको व्यवस्था गर्न, उद्योग व्यवसाय सम्बद्ध निजी क्षेत्रका गतिविधि राजस्व प्रशासनबाट नियमन र निगरानी गर्ने व्यवस्था गर्न पनि सुझाव दिएको छ। आयकर घटाउन सुझाव दिएको एफएनसीसीआईले अधिकार सम्पन्न राजस्व बोर्ड गठन गर्न पनि माग गरेको छ ।

# एनएमबि बैंकद्वारा ४० जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग

काठमाडौं । एनएमबि बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत ४० जना तमु समुदायका जेहेन्दार विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरेको छ । तमु धिं नेपालको ४२औं स्थापना दिवसको अवसरमा बैंकले तमु धिं नेपालसँगको सहकार्यमा उक्त सहयोग प्रदान गरेको हो । कार्यक्रमअन्तर्गत गण्डकी प्रदेशका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई विद्यालय पोशाक तथा विभिन्न शैक्षिक सामग्री वितरण गरिएको थियो ।

सहयोग सामग्री गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री रेखा गुरुङ, तमु धिं नेपालकी संस्थापक अध्यक्ष कर्मकुमारी तमु, अध्यक्ष हुमबहादुर गुरुङ तथा एनएमबि बैंकका गण्डकी प्रदेश प्रमुख राजिव रञ्जितलगायतले




संयुक्त रूपमा वितरण गरेका थिए ।

कार्यक्रममा बोल्दै एनएमबि बैंकका गण्डकी प्रदेश प्रमुख राजिव रञ्जितले तमु धिं नेपालसँग सहकार्य गर्न पाउँदा खुशी लागेको बताउँदै शिक्षा, समुदाय सशक्तीकरण तथा सामाजिक विकासका क्षेत्रमा बैंकको सहयोग आगामी दिनमा पनि निरन्तर रहने बताए । एनएमबि बैंकले हाल देशभर १९८ शाखा, १७६ एटीएम तथा ९ एक्सटेन्सन काउन्टरमार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको जनाएको छ ।

# राष्ट्र बैंकको स्वीकृतिविनै संचालनमा आए दुई बैंक




काठमाडौं । नेपाल राष्ट्र बैंकबाट लाइसेन्स नलिइ दुई वटा बैंक संचालनमा आएको पाइएको छ। नेपाल राष्ट्र बैंक ऐनले प्रतिबन्ध गरेको र बासेलको अन्तर्राष्ट्रिय सिद्धान्तविपरित गएर दुई वटा संस्थाले बैंकको नाम राखेर कारोबार गरेको पाइएको हो ।

नेपाल किसान बैंक लिमिटेड र राष्ट्रिय खाद्य बैंक लिमिटेडका नाममा दुई वटा संस्थाले कारोबार थालेका हुन् । यसरी राष्ट्र बैंकबाट स्वीकृति नलिइ कसैले पनि 'बैंक' शब्द प्रयोग गर्न मिल्दैन ।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनको दफा ३२ ले स्वीकृति बिना 'बैंक वा वित्तीय संस्था' नाम प्रयोग गर्न रोक लगाएको छ । तर, दुवै संस्थाले औपचारिक रुपमा नाम मात्र राखेका छैनन्, सार्वजनिक रुपमा साइन बोर्ड राखेर कारोबार समेत संचालन गरिरहेका छन् ।

यी संस्थाको उद्देश्य कृषि तथा खाद्यान्न क्षेत्रमा काम गर्ने देखिएको छ । तर, उनीहरूले 'बैंक' भन्ने शब्द भने प्रयोग कानुनी रुपमा गर्न मिल्दैन। वित्तीय क्षेत्रलाई मार्ग निर्देश गर्ने 'बासेल कमिटी अन बैंकिङ सुपरिभिजन'ले पनि बैंक शब्द प्रयोग गर्न नपाइने भनेको छ । 'अनुमति नलिएका संस्थाहरूले आफूलाई बैंकका रुपमा प्रस्तुत गर्न पाउँदैनन्' सिद्धान्त नम्बर ४ मा उल्लेख छ ।

नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरु प्रसाद पौडेलले पनि 'राष्ट्र बैंकले वित्तीय कारोबार गर्न स्वीकृति दिएको संस्थाबाहेक कसैले पनि बैंक शब्द प्रयोग गर्न नपाउने' बताएका छन् ।

उनले विगतमा फाइनान्स कम्पनी र लघुवित्तहरूमध्ये केहीले बैंक शब्द प्रयोग गर्ने गरेकोमा त्यसलाई ऐन नै संशोधन गरेर प्रयोग गर्न नपाइने बनाएको उदाहरण प्रस्तुत गरे । 'राष्ट्र बैंकले नै अनुमति दिएकामध्ये फाइनान्स र लघुवित्तले त अहिले बैंक प्रयोग गर्न पाउँदैनन्,' उनले बिजमाण्डूसँग भने, 'अनुमति नपाएका संस्थाले त झन् प्रयोग नै गर्न पाउँदैनन् ।'

ऐनले नदिएको अवस्थामा जबर्जस्ती बैंक शब्द प्रयोग गरे त्यो कानुनी रुपमा अपराध ठहरिने राष्ट्र बैंकको भनाइ छ ।

राष्ट्रिय खाद्य बैंक लिमिटेडले वेबसाइटसमेत बनाएको छ । त्यसमा राष्ट्र बैंकका पूर्व गभर्नरदेखि बहालवाला संचालकसम्म सल्लाहकार छन् । राष्ट्रिय खाद्य बैंकको वेबसाइटमा 'टिम' भन्ने सेक्सनमा पूर्व गभर्नर दीपेन्द्रबहादुर क्षेत्रीलाई 'सल्लाहकार/आर्थिक संयोजक' भनेर चिनाइएको छ ।

राष्ट्र बैंकको संचालक समिति सदस्य डा. शंकरप्रसाद आचार्य सल्लाहकारको भूमिकामा छन् । यसबाहेक समाजका थुप्रै प्रतिष्ठित व्यक्तिहरूलाई सल्लाहकार तथा विज्ञका रुपमा राखिएको छ । नेपाल किसान बैंकको भने वेबसाइट भेटिएन ।

**राष्ट्रिय खाद्य बैंकको लिमिटेडको सल्लाहकार र विज्ञ टिम :**

'श्रीमति र श्रीमानभन्दा बढी विश्वास गर्नं पर्ने संस्था बैंक हो । त्यसैले घरमा पैसा राख्दा असुरक्षित हुने भएकाले बैंकमा पैसा राखिन्छ,' पौडेलले भने, 'यति विश्वासिलो र महत्त्वपूर्ण बैंक शब्दलाई खेलाचीका रुपमा प्रयोग गर्नं नै गलत हो ।'

उनले यस्ता शब्दले भ्रम सिर्जना गर्ने बताए ।

## मुक्तिनाथ उत्कृष्ट छात्रवृत्ति

# ४२ विद्यार्थी लाभान्वित

काठमाडौं- सामाजिक उत्तरदायित्वप्रति आफ्नो प्रतिबद्धतालाई निरन्तरता दिँदै मुक्तिनाथ विकास बैंकले मुक्तिनाथ उत्कृष्ट छात्रवृत्ति अभियान अन्तर्गत यस आर्थिक वर्ष देशभर कक्षा ११ मा अध्ययनरत ४२ जना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरेको छ ।


उक्त छात्रवृत्ति आर्थिक रूपमा विपन्न, जेहेन्दार तथा अवसरबाट वञ्चित समुदायका विद्यार्थीहरूलाई लक्षित गरी प्रदान गरिएको हो ।आर्थिक अभावका कारण अध्ययनलाई निरन्तरता दिन कठिनाइ भोगिरहेका विद्यार्थीहरूलाई उच्च शिक्षा हासिल गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले अभियान सञ्चालन गरिएको बैंकले जनाएको छ ।

छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूले यस सहयोगले आफ्नो शैक्षिक यात्रामा नयाँ आशा र आत्मविश्वास थपिएको बताएका छन् ।अब पढाइलाई बीचमै रोक्नुपर्ने चिन्ता कम भएको छ,एक विद्यार्थीले भने ।अभिभावकहरूले पनि बैंकले गरेको सहयोगले आफ्ना छोराछोरीको भविष्यप्रति नयाँ भरोसा जागेको प्रतिक्रिया दिएका थिए ।

शिक्षा समृद्ध समाज निर्माणको मुख्य आधार हो । आर्थिक अवस्था कमजोर भए पनि प्रतिभाशाली विद्यार्थीहरूलाई अवसर प्रदान गर्नं सबैको साझा दायित्व रहेको बैंकको विश्वास छ ।आगामी दिनहरूमा पनि शिक्षा, स्वास्थ्य तथा सामाजिक विकाससँग सम्बन्धित यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिने बैंकले प्रतिबद्धता व्यक्त गरेको छ ।

## खेलकुद

# मिलानले वर्खास्त गऱ्यो एलेग्रीलाई



काठमाडौं- एसी मिलानले सोमबार आफ्ना प्रशिक्षक मासिमिलिनो एलेग्रीलाई वर्खास्त गरेको छ । मिलान अर्को सिजनको युरोपेली च्यामि्पयन्स लिगमा छनोट हुन असफल रहे पनि उनलाई हटाइएको हो । इटालीको सिरी ए को यो जिनको अन्त्यमा मिलान पाँचौं स्थानमा रहेको थियो ।

उसको अगाडि लिग च्याम्पियन इन्टर मिलान, नेपोली, रोमा र कोमो रहे । आइतबारको अन्तिम खेलमा १९ पल्टका लिग च्याम्पियन मिलान घरमा कागलिर ीसँग २-१ ले पराजित भएको थियो । उनी पछिल्लो मे महिनामै मात्र मिलानको प्रशिक्षकको नियुक्त भएका थिए ।

गत सिजन पनि मिलान च्याम्पियन्स लिगका लागि छनोट हुन सकेको थिएन् । क्लबले भनेको छ, 'अब टिममा नयाँ परिवर्तन आवश्यक छ ।'

# प्रशिक्षक भन्छन् 'साघुरो जितले चिन्ता लिनुपर्दैन'



काठमाडौं- नेपालले जित्न त जित्यो, तर यो जित मन छुने खालको रहेन कि ? नेपालले महिला साफ च्याम्पियनसिप फुटबलमा सोमबार विजयी सुरुआत लिएको छ । त्यो भुटानमाथि एक गोलको जित निकाल्दै हो । यो जित कस्तो रह्यो भने नेपालका लागि यसले प्रतियोगिताको सेमिफाइनल पुग्ने बाटो सजिलो बनाइदिएको छ । जितपछि नेपालको खातामा ३ अंक छ । अब आइतबार समूह 'ए' को आफ्नो दोस्रो खेलमा नेपालले श्रीलंकाको सामना गर्दा आरामले खेल्न सक्नेछ । तर नेपालको सुरुआती प्रदर्शनका आधारमा खेल सन्तोषजनक रहेन ।

'यो नतिजालाई लिएर चिन्ता लिनुपर्दैन,' नेपाली प्रशिक्षक नवीन न्यौपानको दाबी छ । खेलपछि मिडियासामु प्रस्तुत हुने क्रममा उनले भने, 'टिम हिजै मात्र गोवामा आइपुगेको हो, त्यसैले यहाँको गर्मीसँग खेलाडी अभ्यस्त हुन सकेका छैनन् । त्यसको प्रभाव यो खेलमा पनि रह्यो । भुटान गोवा आएको ३-४ दिन भइसकेको छ । अब हामीले पाँच दिनको आराम पाउँछौं र त्यतिबेलासम्म स्थिति अनुकूल हुनेछ ।'

नेपालका लागि यो एक प्रकारले राहतपूर्ण नतिजा पनि रह्यो । यस्तो किनभन्दा दुई वर्षअगाडि भुटानले नेपाललाई यसअघिको संस्करणमा गोलरहित बराबरीमा रोकेको थियो । यसपल्ट पनि हार नै सही भुटानी टिम अहिलेको नतिजामा खुसी रह्यो । भुटानी प्रशिक्षक ताइन किम भने, 'नेपालसँग एक गोलको अन्तरले मात्र हार्नु भनेको हाम्रा रक्षापंक्तिको दृष्टिकोणले जितसरह नै हो । हाम्रै डिफेक्सनमा गोल भएको थियो, यो एउटा भुल बिर्सने हो भने हाम्रो डिफेन्सले नेपालको आक्रमण रोकेकै हो ।'

यी दक्षिण कोरियाली प्रशिक्षकको पनि एउटा गुनासो रह्यो । उनका अनुसार यति ठूलो महत्त्वको प्रतियोगिता अगाडि भुटानी टिमले खेल अभ्यासको अवसर नै पाएन । यो नतिजासँगै कम्तीमा भुटानमाथि नेपालको प्रभुत्व कायम रह्यो । महिला फुटबलमा यी दुई टिमबीच अहिलेसम्म ६ खेल भएकोमा ५ खेलमा नेपाल विजयी छ । यी सबै ६ खेलमा नेपालले अहिलेसम्म भुटानलाई एकै गोलको अवसर दिएको छैन । कप्तान तथा गोलरक्षक एन्जिला सुब्बाले यही परम्परालाई अगाडि बढाउँदै यसपल्ट पनि 'क्लिन सिट' कायम राखेकी छन् ।

# कागजात नष्ट हुँदा आवश्यक प्रमाण जुटाउन कठिन भएको छ : सचिव राउत



काठमाडौं । उद्योग मन्त्रालयका सचिव कृष्णबहादुर राउतले महत्वपूर्ण कागजात नष्ट भएका कारण आवश्यक प्रमाण जुटाउन कठिन भइरहेको बताएका छन् ।

सार्वजनिक लेखा समिति बैठकमा बोल्दै उनले विगतका केही महत्वपूर्ण कागजात नष्ट भएका कारण बेरुजु फर्स्यौटको काममा आवश्यक प्रमाण जुटाउन कठिन भइरहेको जानकारी दिए ।

उनकाअनुसार कतिपय फाइल महालेखा परीक्षकको कार्यालयमा पठाइए पनि विभिन्न कारणले प्रक्रिया रोकिएको अवस्था छ । यसले बेरुजु फर्स्यौटको काम प्रभावित भएको छ ।

'केही यो कागजातहरू नष्ट भएको कारणले पनि पछिल्लो समयमा आवश्यक कागज-प्रमाणहरू पूरा गर्न नसकेर रहेको छ, अलिकति अहिलेको समस्या भनेको त्यही हो,' उनले भने, ' त्यसपछि कतिपय फाइल चाहिँ महालेखा परीक्षकको कार्यालयमा पठाइए पनि त्यो विविध कारणले अहिले रोकिएको अवस्था छ र यो बेरुजुको रकम अलिकति बढ्नुमा विगतमा हाम्रो लगभग दुई वर्षजति कानुनी अस्पष्टताको कारणले पनि यो फर्स्योट हुन नसकेको कारणले बढेको हो ।'

सचिव राउतले विगत करिब दुई वर्षसम्म कायम रहेको कानुनी अस्पष्टताका कारण पनि बेरुजु रकम बढेको बताए । कानुनी अन्योलका कारण समयमा फर्स्यौट हुन नसक्दा बेरुजुको दायरा विस्तार भएको उनको भनाइ थियो ।

'अब अहिले हामी मन्त्रालयले कानुनमा तोकिए बमोजिमको 'बेरुजु फर्स्योट समिति' नै गठन गरेर नियमित रूपमा मन्त्रालय र अन्तर्गतका निकाय प्रमुख र लेखा प्रमुखहरूको छलफल गरेर त्यो अनुसार बेरुजु फर्स्यौटलाई तदारुकताका साथ अगाडि बढाइरहेका छौं,' उनले भने । हाल मन्त्रालयले कानुनबमोजिम 'बेरुजु फर्स्योट समिति' गठन गरी नियमित रूपमा काम गरिरहेको उनले जानकारी दिए ।

# मधेशमा नयाँ सत्ता गठबन्धनमा खटपट : ९ बुँदे सहमति पत्र कार्यान्वयनमा भएन हस्ताक्षर



जनकपुरधाम । मधेशमा आइतबार अपराहन्न सरकार विस्तारको तयारी थियो । शपथ ग्रहण गर्न नेकपा एमालेबाट मन्त्री बन्ने तीन सम्भावित प्रदेश सांसद पनि मुख्यमन्त्री कार्यालयमा आइपुगेका थिए ।

एमालेले तीनजना मन्त्रीको नामसमेत दिइसकेको छ । तर, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बिच्किदा सरकार विस्तार नै रोकिएको छ । अबेर साँझ मन्त्रीको शपथ लिन आएका प्रदेश सांसदहरु निराश भई रित्तै फर्किएका छन् ।

एमालेबाट मन्त्री बन्ने सम्भावित लिस्टमा प्रदेश सांसदहरु सरदा देवी थापा, मनोज कुमार सिंह र लखन दास आएका थिए । उनीसँगै गत बिहीबार विनाविभागीय मन्त्रीको शपथ लिएका मोहमम्मद समिर पनि आएका थिए ।

'हामीलाई शपथ खान भनेर चार बजे नै बोलाएको थियो । हामी आएर मुख्यमन्त्री कार्यालयमा बसिरह्यौं । तर, नेकपाका नेता नै आएन । बाटो कुर्दाकुर्दा आज अबेर साँझ हामी फर्कियौं', शपथ लिन आएका एक प्रदेश सांसदले सुनाए । गत बिहीबार मात्र मधेशमा सत्ता समीकरण फेरिएको थियो । कांग्रेसबाट मुख्यमन्त्री रहेका कृष्णप्रसाद यादवले बिहीबार जनता समाजवादी पार्टी (जसपा) नेपालका तीनजना मन्त्रीलाई बर्खास्त गर्दै एमालेलाई सरकारमा सहभागी गराउन मोहम्मद समिरलाई विनाविभागीय मन्त्री नियुक्त गरेर शपथ खुवाएका थिए । तर नयाँ समीकरण बनेको तीन दिनमै सत्ता गठबन्धनमा खटपट आएको हो । एक प्रदेश सांसदका अनुसार तीन दलीय सत्ता गठबन्धन बन्दा नौं बुँदे सहमति भएको थियो । तर, त्यो सहमति पत्रमा हस्ताक्षर भने भएको छैन । नौं बुँदे सहमति पत्रमा हस्ताक्षर र कार्यान्वयनका बुँदामै मतभेद भएको छ । नेकपा उक्त सहमतिमा हस्ताक्षर र कार्यान्वयन पहिलो सर्त राखेको छ ।

सहमतिमा आगामी बजेट एक करोडभन्दा कमको नबनाउने, खुल्ला प्रतिस्पर्धामार्फत योजना कार्यान्वयन गर्ने, भौतिक पूर्वाधार तर्फ कम र शिक्षा, स्वास्थ्य र कृषि तर्फ बढी बजेट विनियोजन गर्ने, सुशासनमा जोड दिने लगायतको नौं बुँदे सहमति छ । तर त्यसमा हस्ताक्षर गर्न र कार्यान्वयन गर्न काँग्रेस र एमाले तयार नरहेको ती सांसदको दाबी छ ।

'विगतका बेतिथि नियन्त्रण गर्न नौ बुँदे सहमति कार्यान्वयनमा हाम्रो जोड छ । तर काँग्रेस र एमाले विगत जस्तै टुक्रे योजना बनाउने, उपभोक्ता समिति मार्फत काम गर्ने तर्फ जोड दिइरहेका छन्', सुनाउँदै उनले प्रश्न गरे, 'यदि यही अवस्था रह्यो भने यो सरकारमा रहेको के औचित्य । बरु यसको विकल्प खोज्छौं ।'

अर्थ मन्त्रालयमै बार्गेनिङ भन्दा नीतिगत कुरामा मतभेद छ । अर्थ मन्त्रालय दिएपनि विगतको बेथितिलाई रोक्न नसके त्यसको अपजसको भारी नेकपालाई पनि पर्ने नेताहरु बताउँछन् । आफ्नो सर्त पालना नभए सरकारबाट समर्थन फिर्ता लिने चेतावनी समेत नेकपाले दिएको छ । यसले सरकार संकटमा पुगेको छ ।

हिजोदेखि कांग्रेस, एमालेका नेताहरुसँग नेकपाको संवाद समेत रोकिएको छ । एमालेका एक सांसदका अनुसार नौ बुँदे सहमति पत्रमा हस्ताक्षर भएको भए अहिलेको जटिलता आउने थिएन ।

# सेनाको हेलिकप्टरबाट सुत्केरीको उद्धार



सङ्खुवासभा । सङ्खुवासभामा अत्याधिक रक्तस्राव भएकी एक सुत्केरी महिलाको हेलिकप्टरबाट उद्धार गरिएको छ ।

जिल्ला अस्पताल सङ्खुवासभामा भर्ना भएकी खाँदबारी नगरपालिका –७ की ३० बर्षीया सविता मगरलाई अत्याधिक रक्तस्राव भएपछि नेपाली सेनाको हेलिकप्टरबाट उद्दार गरिएको प्रमुख जिल्ला अधिकारी सिर्जना थपलियाले जानकारी दिइन् ।


सुत्केरी मगरलाई सोमबार दिउँसो राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको समन्वयमा उद्दार गरिएको हो ।

आइतबार सुत्केरी ब्यथा लागेर जिल्ला अस्पताल भर्ना भएकी मगरको सोमबार बिहान ८ बजे अस्पताल सङ्खुवासभामा शल्यक्रिया गरिएको थियो । सुत्केरी मगरलाई अत्यधिक रक्तश्राव भएपछि सेनाको हेलिकप्टरबाट उद्धार गरिएको हो ।

शल्यक्रियापछि सुत्केरी मगरको अत्यधिक रक्तश्राव भएर स्वास्थ्य अवस्था गम्भीर बन्दै गएपछि हेलिकप्टरमार्फत काडमाडौंको थापाथली प्रसूति गृहमा पठाइएको जिल्ला अस्पतालका प्रमुख सन्तोश देवले बताए ।

सुत्केरी मगरको स्वास्थ्य अवस्था गम्भीर बन्दै गएपछि थप उपचारका लागि हेलिकोप्टरमार्फत काठमाडौंको थापाथली प्रसूतिगृहमा लगिएको उनको भनाइ छ ।

# महोत्तरीमा २०९ जनाले लिए आमाको नामबाट नागरिकता




जलेश्वर (महोत्तरी) । पछिल्ला चार महिनामा महोत्तरीमा २०९ जनाले आमाको नामबाट नागरिकता प्राप्त गरेका छन् । माघ महिनायताका चार महिनामा आमाको नामबाट नागरिकता लिनेको संख्या २०९ पुगेको प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवले जानकारी दिए ।

गत पुस ११ गतेको मन्त्रिपरिषद्को बैठकले निर्णय गर्दै बाबुको पहिचान नखुलेका सन्तानलाई आमाको नामबाट नागरिकता दिने व्यवस्था गरेको थियो । त्यसपछि पुस २१ मा नेपाल राजपत्रमा सूचना प्रकाशित भएको थियो ।

त्यसलगत्तै गृह मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयमा परिपत्र गरी यो व्यवस्था कार्यान्वयन गर्न भनेको थियो । सोही क्रममा सबै आवश्यक कागजी प्रक्रिया पूरा गरेर माघ ६ गतेदेखि जिल्ला प्रशासन कार्यालयबाट आमाको नामबाट नागरिकता वितरण सुरु गरिएको प्रजिअ यादवले बताए ।

जनअनुसार नेपाली नागरिक आमाबाट नेपालमै जन्मिएका र बाबुको पहिचान हुन नसकेका व्यक्तिहरूले आवश्यक स्वघोषणा र प्रक्रिया पूरा गरेर वंशजका आधारमा नागरिकता प्राप्त गरेको उनले जानकारी दिए । -रासस

# गुल्मीका ४ स्थानीय तहमा घरमै राहदानी वितरण



गुल्मी । गुल्मीका चार स्थानीय तहमा घरमै राहदानी वितरण सेवा पुगेको छ । जिल्लाका रेसुङ्गा नगरपालिका, गुल्मीदरबार गाउँपालिका, मुसिकोट नगरपालिका र कालीगण्डकी गाउँपालिकामा सेवाग्राहीलाई घरमै पुगेर राहदानी वितरण गरिएको हो ।

सेवाग्राहीलाई कार्यालयसम्म धाउनुपर्ने बाध्यता अन्त्य गर्दै सरकारले अघि सारेको सेवा घरदैलोमै भन्ने नीतिअनुसार यो कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ ।

हुलाक सेवा विभागमार्फत सञ्चालन गरिएको 'घरमै राहदानी वितरण सेवा' अन्तर्गत रेसुङ्गा नगरपालिकामा ५१ जना, गुल्मीदरबार गाउँपालिकामा ६ जना, मुसिकोट नगरपालिकामा १३२ जना तथा कालीगण्डकी गाउँपालिकामा २१ जनाले सेवा प्राप्त गरेको जिल्ला हुलाक कार्यालय गुल्मीका भुवन पाण्डेले बताए । रेसुङ्गा नगरपालिकाबाट सुरु भएको अभियान जिल्लाका ४ स्थानीय तहमा पुगेको प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैह्रेले बताए । जिल्लाका विभिन्न स्थानमा नागरिकलाई सहज रूपमा सरकारी सेवा उपलब्ध गराउने उद्देश्यले यो सेवा विस्तार गरिएको बताइएको छ ।

विशेषगरी वैदेशिक रोजगारी, अध्ययन तथा विभिन्न प्रयोजनका लागि राहदानी आवश्यक पर्ने नागरिकलाई जिल्ला सदरमुकाम धाउनुपर्ने बाध्यता कम गर्न सेवा प्रभावकारी बनेको स्थानीयले बताएका छन् । हुलाकमार्फत घरमै राहदानी पुगेपछि समय र खर्च दुवै बचत भएको सेवाग्राहीको अनुभव छ । यसअघि राहदानी तयार भएपछि लिनका लागि पुनः जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित कार्यालय पुग्नुपर्ने अवस्था थियो । तर अहिले हुलाक सेवा विभागले स्थानीय तहसँग समन्वय गरी नागरिकको घरमै राहदानी पुऱ्याउने व्यवस्था मिलाएको जिल्ला हुलाक कार्यालयलका प्रमुख खेतबहादुर खत्रीले बताए ।

ग्रामीण भेगका नागरिकलाई लक्षित गर्दै सेवा थप प्रभावकारी बनाइने र आगामी दिनमा जिल्लाका अन्य स्थानीय तहमा समेत विस्तार गरिने तयारी रहेको प्रमुख जिल्ला अधिकारी गैह्रेले बताए ।

# पढाइसँगै तरकारी खेती गर्दै पञ्चकन्या माविका विद्यार्थी



स्याङ्जा । स्याङ्जाको अर्जैनचौपारी गाउँपालिका-१ स्थित पञ्चकन्या माध्यमिक विद्यालयमा सञ्चालन भइरहेको 'सिक्दै कमाउँदै' कार्यक्रमले विद्यार्थीको पढाइलाई व्यवहारसँग जोड्न थालेको छ ।

कक्षाकोठामा सीमित हुने परम्परागत शिक्षाभन्दा फरक अभ्यासका कारण विद्यालय अहिले जिल्लामै उदाहरणीय बन्दै गएको छ । गण्डकी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको सहयोगमा सञ्चालित कार्यक्रममा विद्यार्थीले विद्यालयकै पाँच रोपनी जग्गामा मौसमी तरकारी खेती गर्दै आएका छन् ।

पढाइसँगै करेसाबारीमा प्रत्यक्ष काम गर्न पाउँदा विद्यार्थीमा सीप विकाससँगै आत्मविश्वास पनि बढेको विद्यालयको भनाइ छ ।

विद्यालयमा अध्ययनरत विद्यार्थी आकृति रोकाहाले सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्न पाउँदा सिकाइ अझ प्रभावकारी बनेको बताइन् । 'किताबमा पढेको कुरा खेतबारीमा प्रयोग गर्न पाउँदा धेरै कुरा बुझ्न सजिलो भएको छ', उनले भनिन् । विद्यालयमा २०७७ सालदेखि बाली विज्ञानसम्बन्धी कार्यक्रम सञ्चालन हुँदै आएको छ । कक्षा ९ देखि १२ सम्म अध्ययनरत ६५ विद्यार्थी अहिले यस कार्यक्रममा सहभागी छन् । विद्यार्थीले आलु, टमाटर, काउली, बन्दा, साग र मह उत्पादनदेखि बिक्री वितरणसम्मको अभ्यास गर्दै आएका छन् ।

विद्यालयका बाली विज्ञान संयोजक सुवास अर्यालका अनुसार 'एक विद्यार्थी, एक करेसाबारी' अभियानमार्फत विद्यार्थीलाई घरमै पनि खेती गर्न प्रेरित गरिएको छ । कार्यक्रमले विद्यालय मात्र नभई समुदायमा समेत व्यवहारिक परिवर्तन ल्याउन थालेको उनको भनाइ छ ।

विद्यालयले उत्पादन बिक्रीबाट प्राप्त आम्दानीलाई पनि व्यवस्थित ढंगले बाँडफाँट गर्दै आएको छ । प्राप्त रकममध्ये ७५ प्रतिशत विद्यार्थीलाई, २० प्रतिशत विद्यालयलाई र ५ प्रतिशत प्राविधिक सहयोगीलाई दिने व्यवस्था गरिएको छ ।

स्याङ्जा जिल्लामा हाल वालिङ नगरपालिकाको पूर्णामृत माध्यमिक विद्यालय, हरिनास गाउँपालिकाको महिमा माध्यमिक विद्यालय र अर्जैनचौपारी गाउँपालिकाको पञ्चकन्या माविमा बाली विज्ञान पढाइ हुँदै आएको छ ।

पञ्चकन्या मावि भने फरक अभ्यास र उत्कृष्ट नतिजाका कारण चर्चामा रहँदै आएको विद्यालय हो । विद्यालय २०८० सालमा देशकै उत्कृष्ट विद्यालयका रूपमा सम्मानितसमेत भएको थियो ।

# भाषा परीक्षा पास गरेर पनि कोरिया जान नपाएको भन्दै माइतीघरमा प्रदर्शन




काठमाडौं । रोजगार अनुमति प्रणाली (ईपीएस) अन्तर्गत भाषा तथा सीप परीक्षा उत्तीर्ण भएर पनि लामो समयसम्म दक्षिण कोरिया जान नपाएको भन्दै युवाहरूले काठमाडौंमा प्रदर्शन गरेका छन् ।

भाषा परीक्षा उत्तीर्ण गरेर रोस्टरमा लामो समयसम्म नाम रहँदा पनि जान नपाएको भन्दै उनीहरुले सोमबार काठमाडौंको माइतिघरमा प्रदर्शन गरेका हुन् ।

भाषा तथा सीप परिक्षा उतीर्ण गरेर रोस्टरमा रहेको दुई वर्षसम्म पनि रोजगारदाताको छनोटमा नपरे नाम हट्ने भएकाले दुई बर्ष म्याद थप गर्न उनीहरुले माग गरेका छन् ।

साथै उनीहरुले भाषा तथा सीप परीक्षा उत्तीर्ण भएकाहरुको फाइल पुनः रोजगारदातासम्म पठाउन माग गरेका छन् ।

प्रदर्शनमा सहभागीहरुले सबै कुरामा फिट भएर पनि कोरिया नलैजाने सिस्टम खारेज गर, हामीलाई आश्वासन होइन नतिजा दे भन्दै श्रममन्त्री विरुद्ध नाराबाजी गरेका थिए ।

# नारच्याङ लेकगाउँ : मगर संस्कृति र प्रकृतिको संगम



म्याग्दी । अन्नपूर्ण गाउँपालिका-४ मा रहेको नारच्याङ लेकगाउँ संस्कृति र प्रकृतिको सङ्गम हो ।

समुन्द्री सतहदेखि दुई हजार मिटर उचाइको पहाडी पाखामा गुजमुज्ज परम्परागत शैलीका ढुङ्गे घरहरु रहेको लेकगाउँले ' मगर सङग्रालय' को पहिचान बनाएको हो । करिब एक सय परिवारको बसोबास रहेको लेकगाउँमा सबै मगर समुदायका छन् ।

अन्नपूर्ण गाउँपालिका-४ का वडा सदस्य श्याम पुर्जाले सयौं वर्षअघि स्थानीय सीपको प्रयोग गरेर निर्माण गरिएका मौलिक घरहरु भएको लेकगाउँमा परम्परागत मगर जीवनशैली र संस्कृति जीवित रहेकाले बस्तीलाई नै 'मगर म्युजियम' भनिएको बताए ।

'पुर्खाहरुले स्थानीय सीप र सामग्रीको प्रयोग गरेर बनाएका मौलिक ढुङ्गेघरहरु मात्र नभएर अर्मपर्म गरेर खेतीबाली लगाउने, घुम्ती गोठमा पशुपालन गर्ने, पुर्ख्यौली नाच्ने, भूमे पूजा गर्ने पुरानो चलनले निरन्तरता पाएको छ', उनले भने, 'मगर समुदायको संस्कार, संस्कृति, कला र सीपको अध्ययन स्थलका रुपमा लेकगाउँलाई विकास गर्ने प्रयासमा छौं ।'

संस्कृतिसँगै लेकगाउँ प्राकृतिक रुपमा सुन्दर र रमणीय छ । लेकगाउँको पृष्ठभूमिमा धौलागिरि, अन्नपूर्ण, नीलगिरि, मानापाथी र बराह शिखर हिमाल छन् । अन्नपूर्ण हिमालबाट हिउँपहिरो खसेको दृश्य नजिकबाट नियाल्न सकिन्छ । लेकगाउँको नजिकै समथर स्वाँराफाँट छ । स्वाँराफाँटमा स्थानीयवासीले खाद्यबाली खेती गर्छन् । हिउँदमा गाईभैंसी र भेडाबाखाको घुम्ती गोठ राख्छन् ।

वनस्पतिविद् कमल मादेनको नेतृत्वमा केही वर्षअघि आएको टोलीले स्वाँराफाँट धेरै प्रजातिका चराहरुको बासस्थान र नजिकैको जङ्गलमा प्रशस्त जडीबुटी पाइने प्रतिवेदन सार्वजनिक गरेको थियो । खोप्रा लेकको फेदीमा रहेको लेकगाउँ हुदै अन्नपूर्ण आधार शिविर पनि जान सकिन्छ ।

घोडेपानी, बयली, खोप्रा हुँदै नारच्याङ जोड्ने पदमार्ग रहेको छ । प्रचारप्रसारको अभावमा पर्यटकहरुको आगमन हुन नसकेको वडा सदस्य पुर्जाले बताउनुभयो । पर्यटकको सुविधाका लागि लेकगाउँमा रेष्टुरेष्ट र घरबास छन् । पर्यटकले चाहनाअनुसार होटल र घरबासमा बस्न सक्छन् । घुम्तीगोठमा पालिएका गाईभैंसी र भेडाबाखा अवलोकन गर्न पाइन्छ । लेकगाउँमा मगर संस्कार र जीवनशैलीको नजिकबाट अवलोकन गर्न पाइने गुल्मीबाट आएका होमनाथ पाण्डेले बताए ।

बेनी-जोमसोम सडकमा पर्ने भुरुङ्ग तातोपानी हुँदै लेकगाउँ जाने क्रममा नारच्याङ बेंसीमा रहेको नारच्याङ झरना अवलोकन गर्न सकिन्छ । भुरुङ्ग तातोपानीदेखि दुई घण्टा पैदलयात्रा र एक घण्टा गाडीको यात्रा गरेपछि लेकगाउँ पुगिन्छ । लेकगाउँबाट नारच्याङमा निर्माण भएका र निर्माणाधीन जलविद्युत् आयोजनाहरुको अवलोकन गर्न सकिन्छ । अन्नपूर्ण गाउँपालिका-४ का वडाअध्यक्ष लोकबहादुर फगामीले लेकगाउँ हुँदै खोप्रा र अन्नपूर्ण आधार शिविर जाने बाटोमा पर्ने बासबोटलाई पदमार्गले जोडिएको बताए । पूर्वाधार निर्माणसँगै लेकगाउँको संस्कृति र प्राकृतिक सौन्दर्यको प्रचारप्रसार गरी पर्यटक भित्र्याउने, विदेशिएका र बजार गएकाहरुलाई गाउँ फर्काउने प्रयासमा रहेको उनले बताए ।

# लहानका विद्यालय आइतबार पनि सञ्चालन हुने




सिरहा । लहान नगरपालिकामा पनि आइतबार विद्यालय सञ्चालन हुने भएका छन् । केन्द्र सरकारले विद्यालयमा शनिबार र आइतबार बिदा दिने निर्णय गरेपनि नगरपालिकाले आइतबार सञ्चालन गर्ने निर्णय गरेको हो ।

नगरप्रमुख महेश प्रसाद चौधरीले शुक्रबार जारी गरेको सूचनाअनुसार नगर कार्यपालिकाको निर्णय बमोजिम पालिकाभित्र रहेका सम्पूर्ण सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरू अब आइतबारदेखि शुक्रबारसम्म नियमित रूपमा सञ्चालन हुनेछन् । विद्यालय सञ्चालनको समय भने साविककै रहने जनाइएको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयले इन्धन खपत नियन्त्रण, प्रशासनिक खर्च व्यवस्थापन तथा सरकारी प्रणालीलाई व्यवस्थित बनाउने उद्देश्यसहित संघीय सरकारले दुई दिने साप्ताहिक बिदाको व्यवस्था गरेको थियो ।

नगरपालिकाको निर्णयलाई अभिभावक तथा शिक्षा सरोकारवालाले शैक्षिक गुणस्तर सुधारसँग जोडेर समर्थन गरेका छन् ।

**बन्द ताप्लेजुङ...**

लागि बिहीबार नायब सुब्बा प्रदीप धितालालाई प्रमुखका रूपमा तोकिएसँगै नाका नियमित सञ्चालनमा आएको उनले बताए ।

'नेपालको पूर्वी क्षेत्रमा चीनको स्वशासित क्षेत्र तिब्बतसँग जोडिएको सबैभन्दा छोटो व्यापारिक केन्द्र ओलाङचुङ्गोला हो,' उनले भने, ' ओलाङचुङ्चुगोलाबाट २४ किलोमिटर दूरी पार गरी नेपाल-चीनको सीमा टिप्तालानाका पुग्न सकिन्छ ।'

करिब ४० वर्षअघि निर्माण गरिएको मूल भन्सार कार्यालयको भवन अहिले जीर्ण अवस्थामा पुगेको स्थानीय जनप्रतिनिधिले बताएका छन् ।

वडाध्यक्ष लामाले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत नयाँ भवन निर्माण तथा भन्सार कार्यालय सञ्चालनका लागि आवश्यक सामग्री व्यवस्थापन गर्न अर्थमन्त्रालय र भन्सार विभागसँग अनुरोध गरिएको जानकारी दिए ।

भन्सार कार्यालयमा कर्मचारी पठाउनका लागि जिल्लाका जेनजी अभियन्ताले भन्सार विभागमा पटकपटक ताकेता गरेका थिए । ओलाङचुङ्गोला सडक सञ्जालसँग जोडिएपछि अब नियमित रूपमा राजस्व सङ्कलन हुने अपेक्षामा स्थानीय उत्साहित भएका छन् । -रासस

**गरिबलाई...**

दिने बताउँदै मुख्यमन्त्री बानियाँले सुशासन प्रवर्द्धनका लागि प्रदेश सरकारले ठोस चालिने पनि बताए ।

'प्रदेश सरकार सहमति, सहकार्य र सहअस्तित्वको आधारमा सङ्घीय सरकार र स्थानीय सरकारसँग सहकार्य गरेर अघि बढ्न प्रतिबद्ध छ,' उनले भने, 'संघीय सरकारले प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय गरेर अघि बढ्नुपर्छ ।'

संघीय सांसदहरूका स्वकीय सचिवको सुविधा कटौती नहुने, तर प्रदेशसभाका सांसदका स्वकीय सचिवको सुविधा कटौती गरिएकामा उनले असन्तुष्टि व्यक्त गरे ।

बैठकमा पूर्वमुख्यमन्त्री तथा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) प्रदेश संसदीय दलका नेता शालिकराम जम्कट्टेलले आफ्नो नेतृत्वको सरकारले अघि बढाएको प्रदेश गौरवका आयोजनालाई निरन्तरता दिनुपर्ने बताए । प्रदेशसभाको सभामुख रिक्त भएको लामो समयसम्म चयन हुन नसकेकामा पनि उनले आक्रोश व्यक्त गरे । प्रदेशसभा बैठकमा नेपाली कांग्रेसका उपनेता रामकृष्ण चित्रकार, प्रदेशमा नेपाल कम्युनिष्ट पार्टी एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया, राष्ट्रिय प्रजातन्त्र पार्टीका भुवनकुमार पाठक, नेपाल मजदुर किसान पार्टीका संसदीय दलका नेता सुरेन्द्रराज गोसाईं, हाम्रो नेपाली पार्टीका शैलेन्द्रमान बज्राचार्यले आ-आफ्नो धारणा राखेका थिए । -रासस

**२६ देशका...**

सगरमाथा आरोहीहरूको अद्वितीय साहस र योगदानलाई कदर गर्ने उद्देश्यले समिट गर्न लागिएको आयोजकले जनाएको छ । यसबाट नेपालको पर्वतीय पर्यटनलाई विश्वमाझ अझ उच्च राख्न र साहसी आरोहीको सम्मानका लागि मद्दत पुग्ने आयोजकको विश्वास छ ।

यो संस्करणमा राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थिति रहनेछ । राष्ट्रपति पौडेलले 'समिटर्स ब्रेकफास्ट' मा सरिक भई आरोहीहरूसँग साक्षात्कार गर्ने कार्यक्रम तय भएको छ । -रासस

**पूर्वाधार विकास...**

जनताको पक्षमा प्रभावकारी काम गरेको भए राजधानीमै अहिले पनि आधारभूत आवश्यकता पूर्तिका विषयमा बहस गर्नपर्ने अवस्था नआउने उल्लेख गरे । सभामुख अर्यालले नयाँ सरकार र ताजा जनादेशसहित आएका जनप्रतिनिधिहरूबाट अब यस्ता प्रवृत्ति नदोहोरिने विश्वास व्यक्त गर्दै जनमुखी विकास र सुशासनलाई प्राथमिकतामा राख्न आग्रह गरे ।

**सर्वोच्चले भन्या...**

संसदीय सुनुवाइ सामना गरी प्रधानन्यायाधीश नियुक्तिसमेत भएको भन्ने आधारमा सर्वोच्चले रिट निवेदनलाई 'औचित्यहीन' देखेको हो ।

न्यायाधीश पोखरेलको इजलासले जारी गरेको आदेशमा भनिएको छ, 'परिणामतः निवेदकले परिवर्तन भइसकेको र पछिल्लो परिवर्तित प्रक्रियालाई थप चुनौती दिएको देखिंदैन । तसर्थ प्रस्तुत निवेदन दर्ता गरी प्रक्रिया अघि बढाउनुपर्ने प्रकृतिको नदेखिंदा रजिस्ट्रारबाट भएको दरपीठ आदेश बदर गरिरहनुपरेन । कानुनबमोजिम गर्नू ।'

**गणतन्त्र...**

गरिरहदा सरकार मातहतका मानिसको मात्रै गणतन्त्र दिवश जस्तो देखिन थालेको छ । नेपाली सर्वसाधरण जनताले गणतन्त्र हाम्रो हो । हामीले सरक्षण गर्नुपर्छ भन्ने भावना राखेको देखिएन ।

त्यसर्थ गणतन्त्र सवै नेपाली जनताको लागि हुन जनताको अधिकार सुनिश्चित हुनेगरी कार्यक्रमहरु व्यवहारमा देखिनुपर्छ । तव मात्र गणतन्त्रको रक्षा हुन सक्छ । नागरिकहरुले खासै सहभागिता र ईच्छा नदेखाएको गणतन्त्र दिवशले खासै अर्थ राखेको जस्तो देखिदैन । आउदो २० सौ गणतन्त्र दिवश मनाउदा सवै नेपालीले गर्व गर्न लायक देश बनाई गणतन्त्र नेपालको लागि बनोस् । नेपालीका लागी बनाउनुपर्छ ।

# भेस्पा–अप्रिलियाको स्कुटर यात्रा सम्पन्न

बुटवल- बुटवलस्थित भेस्पा तथा अप्रिलिया शोरुमको आयोजनामा विशेष स्कुटर यात्रा कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमले आन्तरिक पर्यटन प्रवर्द्धन, सुरक्षित यात्रा संस्कृति तथा सहभागीहरूबीच आपसी सम्बन्ध सुदृढ बनाउन योगदान पुऱ्याएको आयोजकले जनाएको छ।

यात्राको सुरुवात शोरुम परिसरबाट गरिएको थियो। सहभागीहरूको उपस्थिति दर्ता, सुरक्षा सम्बन्धी जानकारी तथा आवश्यक समन्वयपछि आकर्षक रूपमा सजाइएका स्कुटरहरूको समूहले यात्रा सुरु गरेको थियो। अनुशासित ढंगले अघि बढेको स्कुटर ऱ्याली बुटवलका विभिन्न मुख्य सडक हुँदै तिलोत्तमा नगरपालिका-१३, कोटिहवास्थित टाइगर फरेस्ट होटल पुगेको थियो।

करिब ४२ किलोमिटर दुईतर्फी दूरी पार गरेको टोलीलाई होटल व्यवस्थापनले आत्मीय स्वागत तथा विशेष आतिथ्यता प्रदान गरेको थियो। हरियाली वातावरण, शान्त प्राकृतिक परिवेश र व्यवस्थित सेवाले सहभागीहरूको मन जितेको बताइएको छ।

होटल परिसरमा आयोजित भेटघाट तथा खाजा कार्यक्रम सहभागीहरूको मुख्य आकर्षण बनेको थियो। सहभागीहरूले प्राकृतिक वातावरणमा साथीभाइसँग रमाइलो गर्दै समय बिताएका थिए। साथै सामूहिक तस्बिर तथा भिडियो निर्माणका गतिविधि समेत सञ्चालन गरिएको थियो।

कार्यक्रममा सहभागीहरूले होटल परिसरका बियर गार्डेन, खुला विश्रामस्थल तथा प्रकृतिमैत्री काठका भिल्लाहरूको प्रशंसा गरेका थिए। उनीहरूले टाइगर फरेस्ट होटललाई परिवार, साथीभाइ तथा विभिन्न समूहगत कार्यक्रमका लागि उपयुक्त गन्तव्यका रूपमा चित्रण गरेका थिए।

सुरक्षित, व्यवस्थित र उत्साहपूर्ण रूपमा सम्पन्न भएको उक्त स्कुटर यात्राले सहभागीहरूबीच आत्मीय सम्बन्ध अझ प्रगाढ बनाउनुका साथै टाइगर फरेस्ट होटललाई आन्तरिक पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास गरिएको आयोजकको भनाइ छ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# ‘काजी’को असारे गीतमा गरिमा र सन्दीपको प्रेमालाप



गत शुक्रबार (८ जेठ)बाट प्रदर्शनमा आएको फिल्म ‘काजी’ले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहँदा सोमबार निर्माण पक्षले असारे गीत सार्वजनिक गरेको छ। लोक शैलीमा आधारित ‘ज्यानको तिर्खालाई’ बोलको गीतमा प्रशान्त सिवाकोटी र रचना रिमालको युगल गायन रहेको छ भने शब्द तथा संगीत गायक सिवाकोटी स्वयंको हो । धान रोपाइँको पृष्ठभूमिमा तयार पारिएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू विपिन कार्की, केकी अधिकारी, गरिमा शर्मा, प्रकाश घिमिरे, हिउँवाला गौतम र सन्दीप बाबु लोहनी देखिएका छन् । भिडियोमा विशेषगरी गरिमा र सन्दीपबीचको प्रेमालाप देख्न सकिन्छ। गीतका कोरियोग्राफर कविराज गहतराज हुन् ।

ग्रामीण परिवेशमा आधारित यस फिल्मले उत्साहजनक प्रतिक्रियाका बाबजुद पनि व्यापारमा सुधारका लागि बक्स अफिसमा संघर्ष गरिरहेको छ । यद्यपि, ‘वर्ड अफ माउथ’को प्रभाव विस्तारै हलमा देखिनेमा निर्माण टिम आशावादी देखिन्छ । फिल्मलाई दर्शकले ‘मन छुने लभस्टोरी’को संज्ञा दिएका छन् । कतिपय दर्शकले दोस्रो भाग (सिक्वेल) को समेत माग गरेका छन् ।

लक्ष्मण रिजालको निर्देशनमा बनेको ‘काजी’लाई रामप्रसाद रिजालले निर्माण हुन् । फिल्ममा प्रदीप भारद्वाजको लेखन तथा चिन्तन राजभण्डारीको छायांकन रहेको छ । यस फिल्मले विपिन र केकीको पात्रमार्फत पारिवारिक सम्बन्धमा आउने उतारचढाव र आदर्श प्रेमलाई प्रस्तुत गरेको छ । फिल्ममा कथाको ‘टाइमफ्रेम’ ३०-३५ वर्षअघिको राखिएको छ ।

# दुई भाषाको मिठास बोकेको ‘आधा नेपाली आधा भोजपुरी’ भिडियो सार्वजनिक

काठमाडौं । नेपाली संगीत बजारमा पछिल्लो समय फरक स्वादका गीतहरू आउने क्रम बढिरहेको बेला गायक श्याम प्रसाद सुवेदी नयाँ प्रयोगसहित दर्शकमाझ आएका छन्। नेपाली र भोजपुरी भाषाको अद्भुत संगममा तयार गरिएको गीत ‘ आधा नेपाली आधा भोजपुरी’ को म्युजिक भिडियो सार्वजनिक भएसँगै संगीत वृत्तमा यसको चर्चा चुलिएको छ।

तृष्णा फिल्मस् नेपालको प्रस्तुतिमा निर्माण गरिएको गीतमा शब्द, संगीत र स्वर स्वयं गायक सुवेदीकै रहेको छ। नेपालीपन र भोजपुरी संस्कृतिको आत्मीय सम्बन्धलाई संगीतमार्फत प्रस्तुत गर्ने प्रयास गरिएको यो गीतले भाषाको सीमाभन्दा माथि उठेर भावनाको सम्बन्ध जोड्ने प्रयास गरेको देखिन्छ। संगीत संयोजक सन्तोष प्रगाढ ले गीतलाई आधुनिक र सुगम शैलीमा सजाएका छन्।

बारा जिल्लाको रमणीय कोल्बी बजार तथा आसपासका आकर्षक स्थानहरूमा छायांकन गरिएको भिडियोले ग्रामीण सौन्दर्य, संस्कृति र प्रेमिल भावनालाई जीवन्त बनाएको छ। निर्देशक कृष्ण राजभण्डारी ९एसक्यू० को निर्देशनमा तयार भिडियोमा मोडल अग्नि राना मगर र दिब्या बयलकोटी को अभिनयले विशेष आकर्षण थपेको छ।



यसैबीच, गीतको लोकार्पण समारोह सोमबार काठमाडौंस्थित सिन्की भान्छा घरमा सम्पन्न भएको छ। कार्यक्रममा सर्जक विजेन्द्र नौबागे प्रमुख अतिथिका रूपमा उपस्थित थिए। पत्रकार डीबी पराजुली, विनोद नेपाली, कलाकार बिरेन्द्र नौभाग्य, मोडल धिरज खत्री, नायक सैलेश पहरी, गायिका श्रद्धा दियाली, बिमला परियार, व्यवसायी मिनबहादुर पहरी, मोडल अशोक कोइराला लगायत कला र सञ्चार क्षेत्रका व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

कार्यक्रममा वक्ताहरूले दुई भाषाको संयोजनमा तयार भएको गीतले नेपाली संगीत क्षेत्रमा नयाँ आयाम थप्ने विश्वास व्यक्त गरेका थिए। उनीहरूले गीतले नेपाल र भोजपुरी भाषी समुदायबीचको सांस्कृतिक सम्बन्धलाई अझ प्रगाढ बनाउने धारणा राखे।

# सस्तो टिकट हुँदा पनि अनन्याको फिल्मलाई दर्शकको हाहाकार

यतिबेला बलिउडमा ठूलो संकट देखिएको छ । एकपछि अर्को आशातित फिल्मले बक्स अफिसमा कमजोर व्यापार गरिरहेका छन् । ‘डकैत : अ लभ स्टोरी’, ‘ ओ रोमियो’, ‘एक दिन’, ‘पति पत्नी और वो दो’, ‘मर्दानी ३’ जस्ता फिल्म असफल हुँदा बलिउडले अर्बौंको घाटा बेहोरिसकेको छ । अब अर्को फिल्म ‘चाँद मेरा दिल’ पनि फ्लपको संघारमा पुगेको छ ।

गत शुक्रबार (२२ मे)बाट प्रदर्शनमा आएको यस फिल्मले सस्तो टिकट र भरपुर शोजका बाबजुद पनि अपेक्षाअनुसार व्यापार गर्न सकेको छैन । फिल्मले मुस्किलले ३ करोडको ओपनिङ गरेको थियो । दोस्रो दिन ३ करोड ७५ लाख र तेस्रो दिन ४ करोड ३५ लाख कमाएको फिल्मले पहिलो विकेन्डमा जम्मा ११ करोड १० लाख नेट कमाइ गरेको छ ।

लक्ष्य र अनन्या पाण्डेको मुख्य भूमिका रहेको यस फिल्मका निर्माताले दर्शकलाई आकर्षित गर्न रिलिजको दिन विशेष अफर समेत दिएका थिए । शुक्रबार साँझ ५ बजेसम्म टिकट मूल्य भारु १४९ रुपैयाँ र त्यसपछि १९९ रुपैयाँ तोकिएको थियो । तर, यसका बाबजुद पनि फिल्मलाई दर्शकको हाहाकार भयो । पहिलो दिन फिल्मको



अकुपेन्सी १७.१३ प्रतिशत मात्रै थियो ।

दोस्रो दिन फिल्मको व्यापारमा केही वृद्धि देखिए पनि त्यो ‘वर्ड अफ माउथ’का कारण आएको ठूलो उछाल भने थिएन । त्यो सामान्य वृद्धि मात्र थियो, जुन प्रायः फिल्महरूले शनिबार स्वाभाविक रूपमा पाउँछन् । आइतबारको सार्वजनिक बिदामा समेत फिल्मको व्यापार ५ करोडमुनि सीमित हुनुले अब बक्स अफिसमा कुनै ठूलो चमत्कारको सम्भावना क्षीण देखिएको छ ।

यो फिल्मलाई करण जौहरको धर्मा प्रोडक्सनले निर्माण गरेको हो । प्रेमकथा यो कम्पनीको ट्रेडमार्क नै मानिन्छ । तर, पछिल्लो समय करणका रोमान्टिक फिल्महरूको समीकरण बिग्रिएको देखिन्छ । गत वर्ष उनको प्रोडक्सन हाउसका दुई प्रेमकथा ‘धडक २’ र ‘तु मेरी मै तेरा मै तेरा तु मेरी’ फ्लप भएका थिए । अब त्यो सूचीमा ‘चाँद मेरा दिल’ पनि थपिने लगभग निश्चित देखिएको छ ।

# हरिवंशले सकाए ‘पाँच पाण्डव’को छायांकन



अभिनेता हरिवंश आचार्यले युधिष्ठिरको भूमिकामा अभिनय गरेको फिल्म ‘पाँच पाण्डव’को छायांकन सकिएको छ । गत चैत २ गतेबाट सुरु भएको फिल्मको छायांकन ६६ दिनमा पूरा भएको हो । आइतबार काठमाडौंको एक स्टुडियोमा अन्तिम दृश्य खिचेपछि निर्माण टिमले केक काटेर सेलिब्रेट गर्‍यो । काठमाडौंअघि पूर्वको झापामा फिल्म खिचिएको थियो । काली रानी फिल्म्सको ब्यानरमा निर्माण भएको यस फिल्ममा हरिवंशसहित जितु नेपाल, आर्यन सिग्देल, महेश त्रिपाठी, सुशील सिटौला, दीपाश्री निरौला, सरिता गिरी, बिनोद न्यौपाने, रमा थपलिया, प्रशान्त ताम्राकार, इभा गिरीलगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ । फिल्मलाई वसन्त निरौलाले निर्देशन गरेका हुन् । उनले यसअघि ‘ज्वाइँ साब’ बनाएका थिए ।

‘लाज शरणम्’का निर्माता नवीन श्रेष्ठ प्रस्तुतकर्ता रहेको फिल्ममा काली रानी श्रेष्ठ निर्माताको रूपमा छिन् । फिल्ममा सुशील पौडेलको लेखन तथा श्याम तामाङको छायांकन रहेको छ । कलाकारको ‘लाइनअप’का कारण दर्शकमाझ प्रतिक्षीत बनेको यो फिल्मलाई तिहारमा रिलिज गर्ने तयारी गरिएको छ । तर, प्रदर्शन मिति भने तय भएको छैन ।

लेखक पौडेलले फिल्मको शीर्षक ‘पाँच पाण्डव’ भए पनि यो कुनै धार्मिक वा पौराणिक कथामा आधारित नभएको स्पष्ट पारेका छन् । उनका अनुसार यो पूर्ण रूपमा एक सामाजिक कथा हो । फिल्मले महाभारतका पाँच पाण्डव (युधिष्ठिर, भीम, अर्जुन, नकुल र सहदेव)का चरित्र र विम्बलाई प्रयोग गर्दै समकालीन समाजको यथार्थ कथा प्रस्तुत गर्ने उनले बताए ।

# ‘एलिफेन्ट्स इन द फग’को टोलीलाई स्वागत गर्दै सञ्चारमन्त्रीले गरे साढे २ लाख दिने घोषणा



विश्व प्रतिष्ठित कान्स फिल्म फेस्टिभलमा इतिहास रचेको नेपाली फिल्म ‘एलिफेन्ट्स इन द फग’ (तिनीहरू)को टोली काठमाडौं आइपुगेको छ । सोमबार बिहान त्रिभुवन अन्तर राष्ट्रिय विमानस्थलमा फिल्मका निर्देशक अविनाश विक्रम शाह, निर्माता अनुप पौडेल र अभिनेत्री पुष्पा थिङ लामालाई चलचित्र विकास बोर्डले खादा र माला लगाएर स्वागत तथा सम्मान गर्‍यो ।

फिल्मको टोलीलाई स्वागत गर्न सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिना, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडक राज पौडेल (गनेस), चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, चलचित्र कलाकार संघका अध्यक्ष उत्तम केसी, निर्देशक समाजका अध्यक्ष अरुण कुमार प्रधानलगायत एयरपोर्ट पुगेका थिए ।

फिल्मको टोलीलाई स्वागत तथा सम्मान गरेपछि विमानस्थलमा आयोजित पत्रकार सम्मेलनमा सञ्चारमन्त्री तिमिल्सिनाले कान्समा इतिहास रच्दै नेपाललाई विश्वसामु चिनाएकोमा धन्यवाद दिए । उनले बोर्डको तर्फबाट तत्काल २ लाख ५० हजार रुपैयाँ प्रदान गर्ने घोषणा पनि गरे । टोलीको सम्मानका लागि सरकारले थप के गर्न सक्छ भन्नेबारे पनि छलफल गरिने उनले बताए ।

गत बिहीबार कान्समा वर्ल्ड प्रिमियर भएको उक्त फिल्मले शनिबार बिहान फ्रान्समा आयोजित समापन समारोहमा ‘अन सर्टेन रिगार्ड’ विधातर्फको महत्त्वपूर्ण पुरस्कार मानिने ‘जुरी प्राइज’ जित्न सफल भएको थियो । उक्त विधाको यो दोस्रो ठूलो पुरस्कार हो, जुन पहिलो पटक नेपाली फिल्मले जित्न सफल भएको हो ।

यो फिल्मको कान्समा प्रिमियरपछि विश्वका चर्चित फिल्मकर्मीहरूले प्रशंसा गरेका थिए । बलिउड निर्देशक तथा कलाकार अनुराग कश्यपले लेटरबक्सडी प्लाटफर्ममा प्रतिक्रिया जनाउँदै यो फिल्मबाट नेपाली फिल्मले विशाल फड्को मारेको उल्लेख गरेका छन् । उनले फिल्मको क्लाइमेक्सलाई आफूले कान्समा हेरेको सबैभन्दा उत्कृष्ट दृश्य समेत भनेका छन् ।

अविनाश विक्रम शाहको लेखन तथा निर्देशनमा बनेको ‘एलिफेन्ट्स इन द फग’ले जंगली हात्तीको आतंकबाट आक्रान्त बस्तीमा बसोबास गर्ने लैङ्गिक अल्पसंख्यक समुदायको कथा भनेको छ । यसमा गौरी मल्ल, माओत्से गुरुङ, पुष्पा थिङ लामा, दीपिका यादव, जस्मिन विश्वकर्मा, एलिज घिमिरे, महिमा नवबाग, आकांक्षा कार्कीलगायतका कलाकारहरूको अभिनय रहेको छ ।

# आँचलको फिल्मभन्दा सुरक्षाको फिल्मको कमाइ ५ गुणाले बढी

गत जेठ १ गते अभिनेत्री द्वय आँचल शर्मा र सुरक्षा पन्तको फिल्म बक्स अफिसमा ‘क्ल्यास’ भएका थिए । सो दिन रिलिज भएका फिल्महरूमा आँचलको ‘एक मुट्ठी बादल’ र सुरक्षाको ‘लाइफ ड्यामेज’ रहेका थिए । सोमबार यी दुवै फिल्मको कमाइ विवरण सार्वजनिक भएको छ, जसमा ‘लाइफ ड्यामेज’को ग्रस कमाइ ‘एक मुट्ठी बादल’को भन्दा ५ गुणाले बढी देखिएको छ ।

चलचित्र विकास बोर्डको तथ्यांकअनुसार ‘ लाइफ ड्यामेज’ले ९ दिनमा २८ लाख ४६ हजार १७० रुपैयाँ ग्रस कमाएको छ । यो अवधिमा फिल्मका ९ हजार २४१ वटा टिकट बिक्री भएका छन् । ‘एक मुट्ठी बादल’ले भने गत शनिबारसम्म ५ लाख २१ हजार ८२५ रुपैयाँ मात्र ग्रस कमाइ गरेको देखिन्छ । यो कमाइ १ हजार ५०१ वटा टिकट बिक्रीबापत भएको हो ।

यी दुई फिल्मसँगै बोर्डले ‘लालीबजार’, ‘परालको आगो’, ‘मालती मंगले’ र ‘गुरु आमा’को ९ जेठसम्मको कमाइ विवरण पनि सार्वजनिक गरेको छ । जसअनुसार ‘ लालीबजार’को ५ करोड ७६ लाख ३९ हजार रुपैयाँ, ‘परालको आगो’को ४ करोड २७ लाख ५३ हजार रुपैयाँ, ‘मालती मंगले’को ५१ लाख ६३ हजार रुपैयाँ र ‘गुरु आमा’को २९ लाख ४२




हजार रुपैयाँ ग्रस कमाइ रहेको छ ।

यसरी हेर्दा वैशाखदेखि जेठ १ गतेसम्म रिलिज भएका फिल्महरूमा कमाइका हिसाबले ‘ लालीबजार’ शीर्षस्थानमा देखिएको छ । दोस्रोमा ‘परालको आगो’, तेस्रोमा ‘पहाड’ (६३ लाख), चौथोमा ‘मालती मंगले’, पाँचौमा ‘गुरु आमा’, छैटौंमा ‘लाइफ ड्यामेज’ र सातौंमा ‘एक मुट्ठी बादल’ रहेका छन् । यसमध्ये व्यावसायिक सफलता भने ‘लालीबजार’ले मात्र हासिल गरेको छ ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- ४२,
२०८३ साल जेठ १२ गते मंगलबार
28 MAY 2026, TUESDAY

# विकल्प नै नदिई सरकारले किन रोक्यो सार्वजनिक सवारी दर्ता? के गर्दैछ पूर्वाधार मन्त्रालय?

काठमाडौं। सार्वजनिक सवारीसाधनको नयाँ दर्ता सरकारले अचानक रोक्का गरेपछि यातायात क्षेत्रमा अन्योल छ। सुधारको नाममा गरिएको निर्णयले व्यवसायी, लगानीकर्ता र सेवाग्राही सबैलाई सरकारले अब के गर्ला भन्ने भएको छ।

पूर्वाधार विकास मन्त्री सुनिल लम्सालको ठाडो निर्देशनपछि सार्वजनिक सवारीसाधनको नयाँ दर्ता रोक्का गरिएको हो। यातायात व्यवस्था विभागले सोही निर्देशनका आधारमा बिहीबार सूचना जारी गर्दै सार्वजनिक सवारीसाधनको नयाँ दर्ता अर्को सूचना जारी नभएसम्मका लागि रोक्ने निर्णय गरेको हो।

विद्युतीय सवारीसाणको पनि नयाँ दर्ता रोक्ने सरकारको अचानकको यो निर्णयसँगै यातायात कार्यालयहरुले सार्वजनिक यातायातका रूपमा नयाँ दर्ता हुने बस, मिनीबस, माइक्रो, ट्याक्सी, र विद्युतीय सवारीको दर्ता बन्द गरेका छन्। यसले सार्वजनिक यातायात क्षेत्रमा अन्योल भएको हो।

यातायात व्यवस्था विभागले गत बिहीबार सातै प्रदेशका सम्बन्धित मन्त्रालयलाई यसबारे पत्राचार गरेको थियो।

सार्वजनिक सवारीसाधन दर्ता रोकिएको विषयमा आफूहरूलाई औपचारिक जानकारी नभएको नेपाल यातायात राष्ट्रिय व्यवसायी महासंघका पूर्वअध्यक्ष विजयबहादुर स्वाँरले बताएका छन्। उनका अनुसार पछिल्लो समय सार्वजनिक सवारीको दर्ता छरपस्ट रूपमा भइरहेको थियो भने त्यसलाई व्यवस्थित गर्नका लागि समिति समेत गठन गरिएको छ।



उनले पुराना ट्याक्सी सञ्चालन, महँगो नम्बर प्लेट तथा करिब १५ लाख रुपैयाँसम्म तिरेर नम्बर लिनुपर्ने अवस्थाजस्ता विषयमा समेत प्रश्न उठाएका छन्। त्यस्ता सिन्डिकेट प्रवृत्तिको अन्त्य गर्न र जथाभावी दर्ता हुने अवस्थालाई नियन्त्रण गर्न केही समयका लागि दर्ता रोकिएको हुन सक्ने उनको भनाइ छ।

'यदि सुधारका लागि गरिएको हो भने हामीलाई आपत्ति छैन,' पूर्वअध्यक्ष स्वाँरले भने, 'व्यवस्था सुधार र पारदर्शिता कायम गर्ने विषयमा जोड दिनुपर्छ।'

सरकारको परिपत्रमा सार्वजनिक यातायातको वैज्ञानिक व्यवस्थापन हुन नसक्दा अत्यधिक वायु प्रदूषण, सवारी चाप र ट्राफिक जाम बढ्दै गएको उल्लेख गरिएको छ। इन्धनको बढ्दो मूल्यका कारण सार्वजनिक यातायात क्षेत्रमा थप असहजता सिर्जना भएको भन्दै सार्वजनिक सवारीको यथोचित व्यवस्थापन आवश्यक देखिएको परिपत्रमा उल्लेख छ।

परिपत्रमा 'सवारी तथा यातायात व्यवस्था ऐन, २०४९' को दफा २४ को उपदफा (३) अनुसार वातावरण प्रदूषण, सवारी चाप, सडकको अवस्था, सवारी आवागमनमा पर्ने कठिनाइ वा यस्तै अन्य कारणले सार्वजनिक हितका लागि कुनै पनि प्रकारको सवारी दर्ता रोक्न सकिने व्यवस्था रहेको उल्लेख गर्दै सार्वजनिक हित तथा सार्वजनिक सवारीको वैज्ञानिक व्यवस्थापनका लागि नयाँ दर्ता रोक्का गरिएको जनाइएको छ। विभागले मन्त्रालय मातहतका कार्यालय तथा पालिकालाई सार्वजनिक सवारीसाधन, विद्युतीय सार्वजनिक सवारीसाधनसमेत, नयाँ दर्ता नगर्न निर्देशन दिएको छ।

यातायात व्यवस्था विभागका एक निर्देशकका अनुसार यो निर्णय माथिल्लो तहको निर्देशनअनुसार लागू गरिएको हो। विभागभित्र आगामी बजेटमार्फत दर्ता तथा सार्वजनिक सवारी व्यवस्थापनसम्बन्धी केही नयाँ प्रावधान ल्याउने तयारी भइरहेका कारण अस्थायी रूपमा दर्ता रोकिएको हुन सक्ने उनको भनाइ छ। उनका अनुसार बजेट सार्वजनिक नभएसम्म यो व्यवस्था कायम रहने सम्भावना छ।

स्रोतका अनुसार सरकारले सार्वजनिक यातायात व्यवस्थापनलाई थप व्यवस्थित बनाउन 'एकीकृत यातायात प्राधिकरण' गठन गर्ने तयारीसमेत अघि बढाएको छ। हाल विभिन्न निकायमा छरिएका अधिकार, दर्ता प्रक्रिया, रुट व्यवस्थापन तथा अनुगमनलाई एउटै संरचनाअन्तर्गत ल्याउने उद्देश्यसहित यस्तो अवधारणा अघि सारिएको बताइएको छ।

स्रोतका अनुसार यही सन्दर्भमा सार्वजनिक सवारी दर्ता अस्थायी रूपमा रोकिएको हो भने आगामी बजेटमार्फत नयाँ नीतिगत व्यवस्था ल्याउने तयारी भइरहेको छ। प्रस्तावित प्राधिकरणमार्फत सवारी दर्ता, रुट अनुमति, भाडा व्यवस्थापन, विद्युतीय सवारी नीति तथा सार्वजनिक यातायात क्षेत्रमा देखिएको सिन्डिकेट प्रवृत्तिलाई नियन्त्रण गर्ने लक्ष्य राखिएको स्रोतको दाबी छ।

## उबरद्वारा नेपालमा सेवा विस्तार गर्न ट्याक्सीमाण्डूसँग रणनीतिक साझेदारी




काठमाडौं। मल्टिनेसनल राइड सेयरिङ कम्पनी 'उबर'ले नेपालमा आफ्नो सेवा विस्तार गर्न ट्याक्सीमाण्डूसँग रणनीतिक साझेदारीको घोषणा गरेको छ।

ट्याक्सीमाण्डूका संस्थापक अर्जन केसीले उबरले नेपाल आउन मंगलबार आफ्नो कम्पनीसँग रणनीतिक साझेदारी गर्ने सम्झौता गरेको बताए।

सम्झौता अनुसार ट्याक्सीमाण्डूले नेपालमा उबरका लागि 'ब्याक-अफिस पार्टनर'को रुपमा काम गर्नेछ। सुरुवाती दिनमा यांगोलाई पनि ट्याक्सीमाण्डूले ब्याक-अफिसको काम गरेको थियो। 'नेपालमा उबरको ब्याक-अफिसले मुख्यतया प्राविधिक र व्यवस्थापकीय काम हेर्नेछ। जसमा ड्राइभर व्यवस्थापन एउटा पाटो हो भने ड्राइभरलाई अनलाइन अर्थात डिजिटल रुपमा प्रयोग गर्न प्रेरित बनाउने हो। यो साझेदारी अनुसार अब ट्याक्सीमाण्डूमा भएका ड्राइभर स्वाभाविक रुपमा उबरसँग जोडिनेछन्,' स्रोतले भन्यो। यस्तै कम्पनीले उबरका लागि नयाँ ड्राइभर पनि खोज्नेछ। नयाँ ड्राइभरलाई एपमा आबद्ध गराउने जिम्मेवारी ट्याक्सीमाण्डूको हुनेछ। राइड सेयरिङ बिजनेसमा वास्तविक ग्राहक ड्राइभर हुन्। ड्राइभर अनलाइन बसेर राइड स्वीकार गरे मात्र कारोबार सफल हुन्छ।

स्रोतका अनुसार उबरले काठमाडौंमा आफ्नो सेवा 'ट्रायल'का रुपमा सुरु गरिसकेको छ। विदेशबाट नेपाल आउनेहरु र स्थानीय प्रयोगकर्ताले उबर एपमा काठमाडौंमा उपलब्ध भएको नोटिफिकेसन पाउन थालिसकेका छन्। उबरले नेपालमा 'पठाओ' र 'इनड्राइभ'सँग प्रतिस्पर्धा गर्नुपर्नेछ। पठाओले आफूलाई 'पठाओ फुड' जस्ता सेवामार्फत स्थापित गरिसकेको छ। नेपाली उपभोक्तामाझ राइड सेयरिङ भन्ने बित्तिकै पठाओ भन्ने छाप परिसकेको छ।

उबरले सुरुवाती चरणमा ड्राइभर आकर्षित गर्न 'जिरो कमिसन'को रणनीति लिन सक्ने स्रोतको भनाइ छ। पठाओ र इन्ड्राइभले पनि सुरुवाती दिनमा यसरी नै जिरो कमिसनबाट सेवा विस्तार गरेका थिए। जसले गर्दा ड्राइभरहरु आकार्षित भएका थिए।

स्रोतका अनुसार प्रि-लन्च जुन १ सम्म गर्ने तयारी छ। उबरमा आवद्ध हुन ड्राइभर र ग्राहक दुबैले उबर एप डाउनलोड गर्नुपर्ने हुन्छ। ड्राइभरले उबर एप डाउनलोड गरेर आवेदन दिएपछि ट्याक्सीमाण्डूसँग स्वीकृति लिनुपर्ने स्रोतले बतायो।

## बजेटअघि इभी कसले धेरै भित्र्याउने भन्ने होड यसपालि देखिएन

काठमाडौं। बजेटअघि विद्युतीय सवारीसाधन कसले धेरै भित्र्याउने भन्ने होडबाजीमा उत्रिने गरेका अटो व्यवसायी यसपालि चुप बसेका छन्।

विगतका वर्षमा जस्तो करका दर चाँडो फेरबदल नहुने र दीर्घकालीन नीति आउने विश्वासमा व्यवसायीले यसपालि बजेटअघि गाडी भित्र्याउन मरिहत्ते नगरेका हुन्।

व्यवसायीले वर्षभरि आयात हुने गाडीको ४० प्रतिशत वैशाखदेखि जेठको मध्यसम्म भित्र्याउने गरेकामा यो पटक वैशाखमै आयात घटेको छ।

भन्सार विभागका अनुसार पोहोर वैशाखमा २२८९ प्यासेन्जर इभी आयात गरिएकामा यसपालि वैशाखमा त्यो संख्या १७०० मा खुम्चिएको छ।



गत आर्थिक वर्ष साउनदेखि वैशाखसम्म १२ हजार ७८२ वटा चार पाङ्ग्रे इभी आयात भएकामा यो आवको सोही अवधिमा २५ अर्ब २७ करोड रुपैयाँ बराबरका १० हजार ८५ युनिट चार पाङ्ग्रे इलेक्ट्रिक सवारी साधन भित्र्याइएको छ।

गत वर्ष बजेटमार्फत करको दर बढाइने बुझाइमा व्यवसायीले खासगरी विद्युतीय सवारीसाधन ठूलो संख्यामा आयात गरी भन्सार यार्डमा राखेका थिए।

गणतन्त्र दिवस मनाऔं,
लोकतन्त्र सुदृढ बनाऔं ।

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य-मान्यता र मानवअधिकारको संरक्षण गरौं।

गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक: मोहन कार्की (९८५१०८७१५६), सम्पादक: ईन्दिरा धमला, कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार